# दुल्लू नगरपालिकाको स्थानीय रोजगार रणनीति

## २०८०/२०८१ -२०८४/२०८५

दुल्लू नगरपालिका

नगरकार्यपालिकाको कार्यालय दुल्लू, दैलेख

कर्णाली प्रदेश,नेपाल

## विषयसूची

१.कार्यकारी शारांश ...... १.२

### खण्ड १

### सन्दर्भ विश्लेषण

२.पृष्ठभूमि ...... ३

३.स्थानीय रोजगार रणनीतिक योजनाको आवश्यकता र औचित्यता ...... ४.६

४.योजना तर्जमा पद्धति ...... ६.७

५.अध्ययनको क्षेत्र तथा सिमाहरु ...... ७.१०

### खण्ड २

६.वर्तमान अवस्थाको विश्लेषण ...... ११

७.दुल्लू नगरपालिकाको परिचय ...... १२

८.भौगोलिक अवस्थिति ...... १२

९.दुल्लू नगरपालिकाको आर्थिक तथा रोजगारीको अवस्था ...... १२.१३

१०.नगरपालिकाको सामाजिक अवस्था ...... १३

११.नगरपालिकाको पूर्वाधारको अवस्था ...... १३

१२.नगरपालिकाको कानुनी अवस्था ...... १३

### खण्ड ३

### रणनैतिक विश्लेषण

१३.श्रम तथा रोजगारीको क्षेत्रमा विद्यमान चूनौतीहरु ...... १४

१४.रणनीतिको लक्ष्य ...... १४

१५.रणनीतिका उद्धेश्यहरु ...... १४.१५

१६.रणनीति तथा कार्यनीतिहरु ...... १५.१६

### खण्ड ४

### रणनीतिको कार्यान्वयन संयन्त्र

१७.रणनीतिको कार्यान्वयन संयन्त्र ...... १७

१८.रणनीतिक योजना तर्जूमाका कानुनी आधारहरु ...... १७

१९.संस्थागत व्यवस्था ...... १८

२०.स्रोत्त व्यवस्थापन ...... १९

२०.अनुगमन तथा मूल्यांड्कन ...... १९

२२.जोखिम पहिचान तथा व्यवस्थापन ...... १९

२१.अनुसूचीहरु ...... २०.२९

विना कार्की
नगर उपप्रमुख

दुल्लू नगरपालिका दुल्लू,दैलेख (कर्णाली प्रदेश,नेपाल)

शरद प्रसाद रिजाल
नगर प्रमुख

# दुल्लू नगरपालिकाको स्थानीय रोजगार रणनीति

## २०८०/२०८१ -२०८४/२०८५

### कार्यकारी शारांश

बि.सं. २०८७ सम्ममा दिगो विकास लक्ष्य हासिल गर्ने नेपालको राष्ट्रिय प्रतिबद्धता पूरा गर्न, राष्ट्रिय योजना आयोगको १५ औं योजनाको समृद्ध नेपाल, सुखी नेपालीको परिकल्पना साकार पार्न र नेपालको संविधान अनुसार राज्यका नीति र मौलिक हक प्राप्त गर्नका लागि उच्च र दिगो आर्थिक बृद्धिको आवश्यकता पुरा गर्नका लागि तिनै तहको सरकारको उत्तिकै महत्वपूर्ण भुमिका रहने हुन्छ । नागरिकले पहिलो रुपमा अनुभूत गर्न सकिने नजिकको सरकारको रुपमा रहेको स्थानीय सरकारले समुदाय तहदेखि नै समष्ठिगत आर्थिक स्थायित्व कायम गरी सार्वजनिक, निजि, सहकारी र सामुदायिक क्षेत्रको सह लगानीलाई बृद्धि गर्दै स्थानीय जनशक्तिको विकास र परिचालनका साथ उपलब्ध ज्ञान, सिप, पूँजी तथा प्रविधी, पूर्वाधार लगायतका श्रोतहरुको प्रयोग बाट उत्पादन र उत्पादकत्वको प्रतिस्पर्धात्मक क्षमता अभिबृद्धि गर्दै जानुपर्ने देखिन्छ। अर्को तिर गुणस्तरीय मानव पूँजीको निर्माण, उद्यमशील कार्यसंस्कृतिको विकास गर्नुपर्ने आजको आवश्यकता हो भने अर्कोतर्फ बिद्यमान श्रम, श्रोत र मानव पूँजीको प्रभावकारी र महत्तम उपयोगका साथ स्थानीय आर्थिक विकासको जगलाई मजबुत पार्दै लैजानुपर्ने जरुरी देखिन्छ । नागरिकको स्वच्छ, शिक्षित, मर्यादित र उच्च जीवन स्तरको सुखी नागरिकको बसोबास भएको नगरपालिका निर्माणको लागि गरिबी निवारण र आर्थिक सामाजिक समानता सहितको न्यायपूर्ण समाज निर्माणको चाहनालाई पूरा गर्ने महत्वपूर्ण माध्यम भनेको आर्थिक समृद्धि हो ।

यसका लागि पालिकाका समग्र नागरिकहरु रोजगार/स्वरोजगार रहनु, आन्तरिक उत्पादन र उत्पादकत्वमा गुणात्मक बृद्धि हुनु र नागरिकहरुको प्रतिब्यक्ति आयमा उल्लेख्य बृद्धि हुनु हो । यसका लागि तिनै तहको सरकारमा धेरै प्रकारका चुनौतीहरु रहेका छन् । ती बिद्यमान चुनौतीहरुलाई सामना गर्नका लागि योजनाबद्ध विकास र दीर्घकालीन लक्ष्य र गन्तब्य सूचकको जरुरी पर्दछ । तदर्थवादी योजनामा आधारित विकास, तथ्यमा होइन कल्पनाको आधारमा भएका विकासले दीर्घकालीन महोत्वाकांक्षालाई पूरा गर्न कदापि नसक्ने अवस्था स्पष्ट देखिन्छ । तसर्थ स्थानीय तहमा रोजगारीका पर्याप्त अवसरहरुको सृजना गरी उपलब्ध जनशक्तिको महत्तम उपयोग गर्दै आर्थिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउन, नगरपालिकामा मानव पूँजीको निर्माण तथा बिद्यमान मानव पूँजीको सम्भावनाको पूर्ण उपयोगका साथ आगामी ५ बर्ष नगरपालकिाका योजना तथा कार्यक्रमहरुलाई यस रणनीति संग सामन्जस्यता कायम गरी रोजगारी सिर्जना तर्फ केन्द्रित गर्न तथा आर्थिक उपलब्धि हासिल गर्ने तर्फ केन्द्रित गराउनका लागि यो रणनीतिक योजना तर्जुमा गरि कार्यान्वयनमा ल्याउन लागिएको हो । यसका अतिरिक्त नागरिकहरुलाई उत्पादन र प्रतिफल मूलक रोजगारीका अवसरहरू उपलब्ध गराउने, नगरपालिकाको नीति निर्माण प्रक्रिया र पहलहरुमा रोजगारीका उद्देश्यहरुको बलियो समायोजन र प्राथामिकीकरण गर्ने, स्थानीय सरकार, सामाजिक साझेदारहरु तथा अन्य सरोकारवालाहरु बिच प्रभावकारी समन्वय र साझेदारी गर्ने, लगानि मैत्री सकारात्मक वातावरणको विकास गर्ने, सरोकारवालाहरुको क्षमता विकास तथा रोजगार सम्बन्धी सचेतना अभिवृद्धि मार्फत रोजगार सँग सम्बन्धित नीतिहरु र कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्ने, उपलब्ध जनश्रम शक्तिलाई प्रतिष्पर्धी बनाउदै सक्षम श्रमबजारको माध्यम द्वारा उत्पादनशिल, मर्यादित एवं सुरक्षित रोजगारीमा संलग्न गराई स्थानियका साथै राष्ट्रिय अर्थतन्त्रलाई सबल र गतिशील बनाई गरिवी निवारणमा योगदान पुऱ्याउने, बैदेशिक रोजगारी बाट प्राप्त हुने आयलाई रोजगारमुलक र आर्थिक समृद्धिको बाटो तर्फ पुनर्निदेशित गर्ने र समाजमा रहेको आर्थिक एवं सामाजिक विभेदलाई अन्त्य गर्दै पालिकामा रहेका उर्जाशिल युवाहरुलाई परिचालन गराई उत्पादनशिल रोजगारी अभिवृद्धि गर्ने लक्ष्यका साथ यो ५ बर्षे रणनीतिक योजना तयार गरिएको छ ।

यसका अतिरिक्त यस रणनीतिक योजनाले प्रतिफलमूलक रोजगारीका अवसरहरू उपलब्ध गराउने अनौपचारिक रोजगारीलाई क्रमश: औपचारिक पद्धतिमा रुपान्तरण गर्दै रोजगारको गुणस्तरमा सुधार ल्याउने, श्रम बजारको आवश्यकता अनुसारको ज्ञान र सिपमा आधारित श्रम शक्ति तयार पार्न उपयुक्त अवसरहरु सिर्जना गर्ने लक्ष्यलाई अंगिकार गरेको छ । रोजगार रणनीतिक योजना, स्थानिय तहको रोजगार रणनीतिक योजना निर्माण सम्बन्धि मार्गदर्शन, २०८० मा आधारित रहेर निर्माण गरिएको छ । राष्ट्रिय योजना आयोगको १५ औं योजना, राष्ट्रिय रोजगार नीति २०७१ मा उल्लेख भई समाधान हुन नसकेका स्थानिय चुनौती लगायत स्थानिय तहका जनप्रतिनिधीहरु र समुदाय तहबाट प्राप्त भएका चुनौतीहरुको समाधानका लागि उपयुक्त समाधानका उपायहरु,तिनै श्रोतबाट प्राप्त सुझाव सल्लाहलाई आधार मानी यस रणनितिक योजनाको निर्माण गरिएको छ । यसले दुल्लू नगरपालिकाको समग्र विकासको लक्ष्य हासिल गर्ने कार्यमा बढी प्रभावकारिता र सामन्जस्यतालाई सुनिश्चित गर्ने अपेक्षा राखिएको छ । यस रणनितिक योजनाको लक्ष्य " **गुणस्तरीय रोजगारी, युवा श्रमको सम्मान र दिगो आर्थिक समृद्धि दुल्लू नगरपालिकाको अभियान**" रहेको छ । कृषि, पर्यटन, उद्योग, शिक्षा,उत्पादन,सूचना प्रविधी, जलश्रोत तथा उर्जा क्षेत्र लगायतका रोजगारी र समग्र उत्पादनलाई प्रभावित गर्ने बहुआयामिक क्षेत्रलाई समेटेर निर्माण गरिएको यस रणनीतिक योजनाले मुख्यत: ५ वटा रणनीतिक उद्धेश्य र सो उद्धेश्य प्राप्तिका लागि २० वटा कार्यनीति तथा सो कार्यनीतिका कार्यसम्पादन सूचकलाई पूरा गर्नका लागि ३८ वटा विभिन्न कार्यक्रमहरुको तर्जुमा गरिएको छ ।

## खण्ड १

## सन्दर्भ बिश्लेषण (Contextual Analysis)

### १. पृष्ठभूमि

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको बहाल संगै निर्माण गरिएको नेपालको संविधानको प्रस्तावनामा नै आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने संकल्प गरेको देखिन्छ । त्यस्तै सोही 'प्रस्तावनामा दिगो शान्ति, सुशासन, विकास र समृद्ध राष्ट्र निर्माणको आकांक्षा राखेको छ । संविधानको भाग ३, मा मौलिक हक र कर्तब्यको व्यवस्था गरेको छ । सोही हक अन्तर्गत धारा ३३ मा प्रत्येक नागरिकलाई रोजगारी र रोजगारीको छनौट गर्न पाउने हकको प्रत्याभूति गर्दै रोजगारीको हकको छुट्टै व्यवस्था गरेको छ । साथै सोही संविधानको धारा ३४ ले प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुने कानुनी व्यवस्था गरेको छ । अझ यस संविधानले राज्यका नीतिहरु अन्तर्गत धारा ५१ (झ) मा श्रम र रोजगार सम्बन्धि अलग नीतिको व्यवस्था गरेको पाईन्छ । जस अनुसार बिशेष गरी ६ वटा बुँदामा श्रम र श्रमिकको पक्षमा राज्यले अवलम्बन गर्नुपर्ने बिशेष नीतिगत व्यवस्था उल्लेख गरिएको छ । उक्त बुँदाहरुमा सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्न देशमा एक खम्बाको रुपमा रहेको जनशक्तिलाई दक्ष र व्यवसायिक बनाई स्वदेशमा नै रोजगारी प्रदान गर्न जस्ता बिषयहरु उल्लेख गरिएको छ । यसका अलवा मर्यादित श्रमको अवधारणा, श्रमिकको आधारभूत अधिकार, उनीहरुको सामाजिक सुरक्षाको सुव्यवस्था, श्रम शोषणको अन्त्य, उद्यमी र व्यवसायीको सम्बन्धको विकास र समान सहभागितालाई सुनिश्चित गर्ने प्रयास गरिएकोछ ।

बैदेशिक रोजगारीलाई थप मर्यादित र शोषणमुक्त, सुरक्षित र व्यवस्थित, उपलब्धि मुलक बनाउन, श्रमिकको रोजगारी र अधिकारको प्रत्याभूति गर्न उचित नियमन तथा व्यवस्थापन गर्न र बैदेशिक रोजगारी बाट आर्जित भएको पूँजी, सिप, प्रविधी र अनुभवलाई स्वदेशमा उत्पादनमुलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्न कानुनी व्यवस्था गरेको छ । नेपालको संविधानको भाग १७ मा पेशा, रोजगारी, उद्योग,व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रता, कुनै पनि श्रम प्रति अवहेलना गर्न नहुने, धारा १८ (४) मा समान कामको लागि लैंगिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा विभेद गर्न नपाईने समेत व्यवस्था गरिएकोछ । धारा ५० (२) ले श्रमको सम्मान, उद्यमशीलता तथा सामाजिक र सांस्कृतिक उद्धेश्य सहित राज्यका निर्देशक सिद्धान्तको निर्धारण व्यक्त गरेको छ । सोही संवैधानिक व्यवस्थाको कार्यान्वयन गर्दै राष्ट्रिय समृद्धि र नागरिक हकको सुनिश्चित गर्नका लागि नेपाल सरकारले अन्य विभिन्न किसिमका कानुनी तथा नीतिगत व्यवस्थाहरु गरको छ । श्रम तथा रोजगारीका बिषयलाई व्यवस्थित गर्नका लागि बैदेशिक रोजगार नीति २०६८,राष्ट्रिय रोजगार नीति २०७१,राष्ट्रिय व्यावसायजन्य सुरक्षा तथा स्वास्थ्य नीति २०७६,बैदेशिक रोजगार ऐन २०६४,श्रम ऐन २०७४ र रोजगारीको हक सम्बन्धी ऐन २०७५ जारी भइ कार्यान्वयनमा आइरहेको छ । त्यस्तै "श्रमको सम्मान राष्ट्रको अभियान" रणनीति २०७८, श्रम तथा रोजगार सेवा सम्बन्धी एकिकृत कार्यविधी २०८० को तर्जुमा भई कार्यान्वयनमा आईरहेको छ ।

संघ सरकार र प्रदेश सरकारले समेत युवा रोजगारीलाई प्रोत्साहन गर्नका लागि समय समयमा विभिन्न कार्यक्रमहरु कार्यान्वयनमा ल्याउने गरेका छन् । सहश्राब्दी विकास लक्ष्यको पहिलो लक्ष्यले गरिबी र भोकमरीबाट मुक्ति दिलाउने अन्तर्राष्ट्रिय लक्ष्यलाई पुरा गर्न, समृद्ध नेपाल, सुखी नेपालीको मनोकांक्षा सहित तयार गरिएको राष्ट्रिय योजना आयोगको १५ औं पञ्चबर्षिय योजनाको परिच्छेद ५ अन्तर्गतका आर्थिक क्षेत्रको विकासका लागि क्षमता विकास, बित्तीय पहुँच र प्रबर्द्धनात्मक उपायहरुको अवलम्बन गर्ने खण्ड ५.२ का रणनीतिक उद्धेश्यलाई टेवा पुर्‍याउदै, राष्ट्रिय रोजगार नीति २०७१ को लक्ष्य,उद्धेश्य र नीतिगत व्यवस्थाहरुलाई परिपालना गर्नका लागि तीनै तहका सरकारको उत्तिकै भूमिका रहने भएकोले प्रत्येक स्थानीय तहले स्थानीय रोजगार रणनीतिको तर्जुमा गरी कार्यान्वयमा ल्याउनु पर्ने अवस्था आएको छ । राष्ट्रिय योजना आयोगको १५ औं योजनाको दीर्घकालीन राष्ट्रिय लक्ष्यको लक्ष्य नं. २ को मानव पूँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग गर्न र लक्ष्य नं. ४ को उच्च र समतामुलक राष्ट्रिय आयमा बृद्धि गर्न स्थानीय तहदेखि नै मानव जनशक्तिको प्रबर्द्धनका लागि स्थानीयहरुको सिप, दक्षता, प्रतिस्पिर्धी क्षमताको विकास गरी उनीहरुलाई स्थानीय उत्पादनमुलक कार्यमा परिचालित गराई दिगो

विकास हुनुका साथै राष्ट्रिय आयमा समेत टेवा पुऱ्याउन सकिने अवस्था रहन्छ ।

## २. स्थानीय रोजगार रणनीतिक योजनाको आवश्यकता र औचित्यता

२०७८ को जनगणना अनुसार यस दुल्लू नगरपालिकालको जनसंख्या ३९,१४३ रहेको छ । ती मध्ये महिला २१,०३८ र पुरुष १८,१०५ रहेका छन् । लैङ्गिक अनुपात ८६.०६ प्रतिशत रहेको छ । त्यस मध्ये घरपरिवार सर्वेक्षण,२०७६ अनुसार १,३९१ जनाले मात्र रोजगारी प्राप्त गरेका छन् । ११.७५ प्रतिशत अर्थात ५,३८५ जना बैदेशिक रोजगारी लाइ मुख्य पेशा बनाएका छन् । त्यस मध्ये २१ देखि ४० बर्ष उमेर बिचका ८० प्रतिशत युवाहरु नै बैदेशिक रोजगारीमा जाने गरेको तथ्यांकले देखाउँछ । जस अनुसार ५.३८ प्रतिशत जनसंख्याले ज्यालामजदुरीलाइ मुख्य पेशाका रुपमा अपनाएका छन् । आफ्नै मुलुकमा श्रम र सीप खन्याउनका लागि स्थान नपाएका ती युवाहरु बैदेशिक रोजगारीमा जानका लागि पनि असंख्य, झमेला, दुःख, कष्टहरु झेल्नु परेको हुन्छ । एकातिर देशमा जीवन निर्वाहको बाटोहरु नभए पश्चात बाध्यताबस बिदेशिनु परेको छ, भने बिदेशिने क्रमका विभिन्न झमेलाहरु बेहोर्नुपर्ने र बिदेशमा सुरक्षित, मर्यादित र प्रतिफलयुक्त बन्न नसकेको र बिदेशमा समस्या पर्दा कतिपय अवस्थामा संरक्षण गरिदिने सरकारी निकायको जरुरत पर्ने देखिन्छ । स्थानीय तहमा एकातिर सीपयुक्त जनशक्तिको अभाव रहनु र अर्कोतर्फ उपलब्ध जनशक्ति बेरोजगार रहनु परेको यथार्थ हाम्रो सामु रहेको छ ।

यसको अर्थ जनशक्तिको माग र आपूर्ति पक्षबीच मेल हुन सकिरहेको छैन । यसको लागि नियमन गर्न, कुनै समन्वयकारी निकाय र सोही अनुसारको कानुनी वा नीतिगत व्यवस्था रहनु जरुरी रहेको देखिन्छ । साथै स्थानीय तहमा लगानी- मैत्री वातावरण नहुनु, मर्यादित श्रम बजार र श्रमको उचित सम्मान नहुनु, समस्या पर्दा समाधानको लागि सहजिकरण गरिदिने निकायले नेतृत्वदायी भूमिका निर्वाह गरिदिन नसक्नु, प्राविधिक र व्यवसायिक शिक्षाको अभाव रहनु, सरकारी, नीजि र सहकारीको साझेदारी र समन्वयको अभाव रहनु आदि कारणले पनि स्थानीय तहमा रहेका उर्जाशिल युवा जनशक्ति विदेश पलाएन हुने गरेका छन् । विदेश जानका लागि पनि स्थानीय स्तरमा सहजीकरण गर्न नसकिनु उनिहरुको हक अधिकारको निम्ति वकालत गर्न आधिकारिक निकायको कमी वा पहुँचमा कमी आदिका कारणले विदेशमा समेत मर्यादित रुपमा कार्य गर्न नपाएको देखिन्छ । वैदेशिक रोजगारीबाट फर्केका युवाहरुले अथाह अनुभव, सिर्जनशिलता, सिप र दक्षता बोकेर स्वदेशमा नै केहि नवसिर्जित काम गर्ने आँट र शाहस बोकेर आएता पनि पालिका स्तरमा नीतिगत अभाव, समन्वय र प्रोत्साहनको अभावका कारणले पनि उनिहरु निरास भएर पुनः बिदेशिनु परेको यथार्थता हाम्रो सामु देखिएको छ । उनीहरुलाई स्वदेशमा नै टिकाइ राख्ने, गुणस्तरीय उत्पादनमा संलग्न गराई स्वरोजगार र रोजगारदाताको रुपमा विकास र प्रबर्द्धन गराई नगरपालिका आफै स्वावलम्बी, आत्मनिर्भर रही समृद्धिको बाटोमा लाग्नका लागि स्थानीय तहमा उचित कानुन, नीति, रणनीति र कार्ययोजनाको जरुरी देखिएको छ ।

आफ्नो पालिकामा विद्यमान सिप विकास, उद्यमशिलता र रोजगारीको यथार्थ र वस्तुपरक तत्काल प्राप्त गर्न नसक्दा नगरपालिका लाई नीति तथा कार्यक्रम निर्माणमा समेत अप्ठ्यारो अवस्थामा गुज्रिरहेको देखिन्छ । यसले आफ्नो पालिकाको अवस्था अज्ञात रहने र आइपर्ने अवसरहरुबाट पनि बञ्चित हुने देखिन्छ । श्रम बजारको माग र आवश्यकतालाई ध्यानमा राखेर स्थानीय स्तरमा उपलब्ध रहेको स्रोत साधनको सही परिचालन गर्ने नीति तथा बजेट तर्जुमा गर्नका लागि यस प्रकारको रणनीतिक, योजनाले महत्वपूर्ण भूमिका खेल्ने देखिन्छ । आफ्नो जनशक्तिलाई श्रम बजारको माग बमोजिम दक्ष, गुणस्तरीय उत्पादनशील र उद्यमशीलता बनाउदै उत्पादकत्व अभिबृद्धि गरि नियोजित विकासले मात्र स्थानीय तह आफै सक्षम रहन गई आर्थिक रुपले समृद्ध बन्दै जाने हुन्छ । नेपालको संविधानको धारा ३३ मा उल्लेख गरे अनुरुप प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ भन्ने बिषय लाई पूर्णता दिनका लागि स्थानिय तहको रोजगार रर्णनिति तर्जुमा गरि यस नगरपालिकामा रहेका बेरोजगार श्रमिकको पहिचान गरी रोजगार सिर्जना गर्नु स्थानीय सरकारको दायित्व रहने हुनाले रोजगारदाताहरुलाई श्रमिकको सीप क्षमता अनुसारको सेवा प्रदान गर्न समन्वय गरि स्थानीय तहमा श्रमिक तथा सीप क्षमताको पहल तथा पहिचान गरी कार्यान्वयन गर्नको लागी रोजगार रणनीति आवश्यक रहेको छ ।

गरिबी निवारण र समावेशीता प्रबर्द्धन गर्न सर्वाधिक प्रभावकारी संयन्त्रका रुपमा रोजगारीको महत्व रहेको कुरालाई स्वीकार गरी नेपाल सरकारले रोजगार सम्पन्न (job-enrichment) र समावेशी आर्थिक वृद्धिलाई प्रवर्द्धन गर्ने सम्बन्धी बिषयमा ध्यान केन्द्रीत गरिरहेको अवस्थामा विभिन्न योजनाहरुले रोजगारीको महत्व माथि जोड दिदै समावेशी, उत्पादनशील तथा लक्षित कार्यक्रमको विस्तार मार्फत् मर्यादित रोजगारी वृद्धि गरीं असमानता र गरिबी न्यूनीकरण गर्ने उद्देश्यलाई परिपुर्ण गर्नका लागि यस प्रकारको योजना अति जरुरी देखिन्छ। स्थानीय तहमा रहेको जनशक्तिको अवस्थाको सूचना समेत व्यवस्थित नरहेको अवस्थामा त्यस्ता सूचना तथा तथ्यांकहरुलाई व्यवस्थित गर्ने, दक्ष, उद्यमशील र मानवीय श्रोतको योजनाबद्ध विकासका लागि नीति तर्जुमा तथा बजेटको व्यवस्थापन गरी कार्यान्वयनमा ल्याउने र आफ्नै पालिकामा रोजगारी सिर्जना गरि आत्मनिर्भर गराउने, स्वदेशमा रोजगारीको अभाव रहेको अवस्थामा वैदेशिक रोजगारीमा जानेहरुका लागि दिईने सेवाहरुलाई व्यवस्थित, सरल र सहज गराउनका लागि एकिकृत सेवा सञ्चालन पद्धतिको विकास गर्ने, बैदेशिक रोजगारीबाट फर्केर आएकाहरुका लागि सामाजिक र आर्थिक पूँजीको अभाव रहेको कारणं उत्पादन र रोजगारीको क्षेत्रमा पूँजी निर्माणको लागि आवश्यक समन्वय र सहजीकरण गर्न पालिकास्तरंमा संयन्त्रको निर्माण गर्ने आदि कार्यका लागि पालिकास्तरमा कुनै योजनाबद्ध राणनीतिक खाका तयार नभएकोले ती आवश्यकता परिपूर्ति गर्नका लागि यस रणनीतिक योजना अपरिहार्य रहेको छ।

संक्षेपमा यस रणनीतिक योजनाको आवश्यकतालाई बुंदागत रुपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ।

२.१. नेपालको संविधानको धारा ३३ र ३४ मा रोजगारीको हक र श्रमको हकलाई कार्यान्वयन गर्ने जिम्मेवारी तीनै तहका सरकारको हुने हुँदा स्थानीय सरकारको जिम्मेवारीमा रहेका ती मौलिक हकको रक्षा गरि योजनाबद्ध कार्य गर्नका लागि यो रणनीतिक योजनाको तर्जुमा गरिएको छ।

२.२. राष्ट्रिय योजना आयोगको १५औं योजनाले प्रार्थमिकता दिएको र रोजगारी संग अन्तर सम्बन्धित रहेको विषयहरु जस्तै गरिबी निवारण, सीप तथा क्षमता विकास, सामाजिक सुरक्षा, विपन्न वर्गका लागि रोजगारीमा पहुँच वृद्धि आदिका क्षेत्रगत लक्ष्यलाई टेवा पुऱ्याउन तथा उक्त योजनाको राष्ट्रिय रणनीतिको तिब्र, दिगो र रोजगारमुलक आर्थिक वृद्धि गर्ने, दिगो उत्पादनशील क्रियाकलापहरुलाई प्रभावकारी संयोजन, सहजीकरण र कार्यान्वयनका लागि जिम्मेवार युवा जनशक्तिलाई परिचालन गर्न जरुरी रहेकोले यस रणनीतिले महत्वपूर्ण भूमिका खेल्ने देखिन्छ। आन्तरिक रोजगारी प्रवर्द्धन गर्नका लागि श्रमको सम्मान गर्न, भर्खरै श्रम बजारमा छिरेका युवा तथा वेरोजगार ब्यक्तिहरुलाई रोजगारमुलक सेवा प्रवाह गरी समृद्ध र मर्यादित जीवन यापन गर्न सहयोग गर्नु स्थानीय सरकारको जिम्मेवारी रहन्छ। तसर्थ आन्तरिक रोजगारी प्रबर्द्धनका लागि श्रम तथा रोजगारीका क्षेत्रमा लगानी प्राथमिकता, श्रम तथा रोजगार बजारको माग बमोजिम सीप तथा क्षमता विकास गर्ने, श्रमको सम्मानको वातावरण स्थापित गराई समाबेशी रोजगारी प्रदान गर्नका लागि समन्वय, सचेतना सहकार्य र सरकारी, नीजि, सहकारी साझेदारीका ढोकाहरुलाई खोली सामुहिक प्रयासमा उच्च आर्थिक उन्नतिका लागि प्रयन्तरत रहने र श्रमको सम्मान राष्ट्रको अभियान नारालाई सार्थक तुल्याउनका लागि यस प्रकारको रणनीतिक योजना अत्यावश्यक रहेको देखिन्छ।

२.३. नेपालमा भएको रोजगारीका हक सम्बन्धी ऐन २०७५, अनुसार रोजगारीको हक सुनिश्चित गर्न, नागरिकको क्षमता अनुसारको रोजगारी छनौट गर्ने अवसर प्रदान गर्न, रोजगार कार्यक्रम सञ्चालन गर्न र रोजगारीको शर्त, अवस्था तथा बेरोजगार सहायता सम्बन्धमा व्यवस्था गर्न समेत यस रणनीतिक योजनाले टेवा पुऱ्याउन सक्तछ। त्यस्तै ऐनको व्यवस्था अनुसार रोजगार सूचना उपलब्ध गराउन, रोजगारदाताको विवरण राख्न समेत यस योजनाले भूमिका खेल्दछ। दक्ष जनशक्तिको तीव्र रुपमा भइरहेको परिवर्तीत मागलाई प्रभावकारी रुपमा प्रक्षेपण, विश्लेषण, र अनुगमन गर्नका लागि श्रम बजार सूचनाको सङ्कलन र विश्लेषण गर्न पनि नीतिगत क्रियाशीलता आवश्यक छ।

२.४. सरकारको रोजगार नीति, २०७१ को ध्येय र लक्ष्य अनुसार आय- आर्जनमुखी रोजगारी सिर्जना गरी गरिबी निवारणको लक्ष्य हासिल गर्ने कार्यका लागि सबै पृष्ठपोषण प्रदान गर्नुपर्ने हुन्छ। यसका अलवा श्रम

रोजगार सेवा सम्बन्धी एकिकृत कार्यविधी २०८० र यस सम्बन्धी प्रमुख नीतिहरुमा औद्योगिक नीति, राष्ट्रिय कृषि नीति, राष्ट्रिय युवा नीति एवं प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम नीतिहरुले राखेका उद्धेश्यहरुलाई पूरा गर्न स्थानीय स्तर देखि नै टेवा पुऱ्याउनका लागि यो रणनीति वाञ्छनीय रहन्छ ।

२.५ देशका सबै स्थानीय तहमा व्याप्त समष्टीगत आर्थिक तथा विकास चुनौतीहरुका सन्दर्भमा नेपालले बेरोजगारी संग सम्बन्धित विविध किसिमका चुनौतीहरुको सामना गर्न परिरहेको छ । जस्तैः गुणस्तरीय रोजगारी सिर्जना, श्रम आपूर्तिमा बलियो दबाव, अनौपचारिक रोजगारको प्रभुत्व, संरचनागत रुपान्तरण र उत्पादनशील रोजगारी सिर्जनाको कमी, अपर्याप्त सीप र शैक्षिक उपलब्धि तथा श्रम बजारमा क्षेत्रीय, सामाजिक र लैंगिक भेदभाव आदि समस्या समाधानका लागि यस दस्तावेज सहयोगी बन्न सक्तछ ।

२.६ स्थानीय रोजगारीको बिकल्पमा बैदेशिक रोजगारीमा जानेहरुका लागि एकिकृत सेवा प्रदान गर्ने र बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको सीप, अनुभव तथा दक्षता, विशेषज्ञतालाई स्वदेशमै लगाई रोजगारी र आर्थिक बृद्धिमा टेवा पुऱ्याउनका लागि समन्वय र सहयोग गर्न, नीति तथा कार्यक्रमहरुको कार्यान्वयन गर्न मध्यमकालीन योजनाको आधारमा गर्नुपर्ने हुन्छ ।

माथि उल्लेखित समस्या तथा चुनौतीहरुको सामना गर्न स्थानीय रोजगार रणनीतिको निर्माण गर्नुपर्ने आवश्यकता देखिएको हो । ती रोजगारीका चुनौतीहरु विभिन्न क्षेत्रबीच अन्तर-सम्बन्धित हुने भएकाले एउटा विस्तृत रणनैतिक पद्धति आवश्यक हुन्छ । यो नीतिले विशिष्ट रोजगारीका प्राथमीकतालाई लक्षित गर्दछ र नीति निर्माणको प्रयासलाई बढी व्यापकता दिई समन्वय र सामन्जस्यपूर्ण तरिकाबाट सुधार ल्याउन प्रयत्न गर्दछ । यसले रोजगारका मुख्य उद्देश्यलाई सम्बोधन गरी नीति कार्यान्वयनमा सुधार ल्याउने, नीति-निर्माण गर्दा पालिकातहको रोजगारका उद्देश्यहरुको समायोजनलाई अभिवृद्धि गर्ने, नीतिगत सुझावहरुको कार्यान्वयनका निम्ति क्षमता अभिवृद्धि गर्ने, मर्यादित र उत्पादनमूलक रोजगार प्रवर्द्धनका निम्ति स्थानीय पालिकाको कार्यपद्धतिमा समन्वय र सामन्जस्यलाई सबल बनाउने अपेक्षा दिइएको छ ।

## ३. योजना तर्जुमा पद्धति

क) बिद्यमान जनशक्तिको र आवश्यक जनशक्तिको पहिचान (Assess the Current Workforce)

नगरपालिकामा बिद्यमान जनशक्तिको विवरण द्रुत लेखाजोखा विधिबाट पहिचान तथा संकलन गरिनेछ । यसका लागि लक्षित समूह छलफल (Focus Group Discussion),स्थानीय तहका रोजगारदाता वा सम्भावित रोजगारदाता व्यवसाय, उद्योग प्रतिष्ठानको स्थलगत भ्रमण तथा सम्बन्धित सरोकारवालाहरुसंग प्रश्नावलीको प्रयोग गरि विवरण संकलन गरिनेछ । यसका लागि स्थानीय तहको रोजगार रणनीति निर्माण सम्बन्धी मार्गदर्शन, २०८० को अनुसूची २ र ३ को सर्भेक्षण फारामको प्रयोग गरिनेछ । यसबाट पालिका स्तरमा बिद्यमान जनशक्ति, उनीहरुको सीप तथा दक्षता, अनुभव आदिको पहिचान गर्ने र वर्तमान समय र आगामी बर्षहरुमा आवश्यक पर्नसक्ने जनशक्तिको अनुमानित संख्या, आवश्यक पर्न सक्ने सीप, ज्ञान तथा दक्षताको पहिचान गरिनेछ ।

ख) योजनाको लक्ष्य, उद्धेश्य, नीति, रणनीतिको निर्धारण : (Define the organizational Vision, mission, goals, objectives)

यसका लागि नगरपालिकाका नगरप्रमुख, नगरउपप्रमुख लगायतका सम्बन्धित सरोकारवाला निकाय बाट जानकार व्यक्तिहरु, बिद्यालयका प्रधानाध्यापक, सहकारीका प्रतिनिधी रोजगारदाताका प्रतिनिधी, बिषयगत शाखाका प्रमुखहरुको सुझावलाई संकलन गर्दै बिद्यमान कानुनी दस्तावेज,संघीय तथा प्रादेशिक तहका योजना, नीति, रणनीति, दीर्घकालीन लक्ष्य, राष्ट्रिय रोजगार नीति लगायतका श्रोत सामग्रीहरुको अध्ययन गरी सो मा सामञ्जस्यता र अन्तर सम्बन्धित रहेर राष्ट्रिय लक्ष्य तथा उद्धेश्य पूरा गर्नका लागि पक्षेपण हुने गरी राणनीतिक योजनाको लक्ष्य, उद्धेश्य, नीति, रणनीतिहरुको निर्धारण गरिनेछ ।

ग) विद्यमान जनशक्ति र आवश्यक जनशक्ति बीचको फरक पहिचान (Indentify the gap Analysis between current workforce and desire Workforce)

पालिकास्तरमा रहेको जनशक्ति र सीपको अवस्थाको जानकारी र भविष्यमा आवश्यक देखिएको जनशक्ति तथा सीपको विवरण बुंदा नं. क अनुसार प्राप्त गरी सोको अन्तर विश्लेषण (Gap Analysis) गरिनेछ । र सोको परिपूर्तिका लागि आवश्यक रणनीति, कार्ययोजना तथा श्रोत साधनको सिफारिस गरिनेछ ।

घ) जनशक्ति योजना (Workforce Planning) :

जनशक्ति फरक पहिचान पश्चात स्थानीय स्तरमा आवश्यक जनशक्तिको अल्पकालीन तथा दीर्घकालीन जनशक्ति योजनाको तर्जुमा गरि जनशक्ति प्राप्तिको योजना निर्माण गरिनेछ ।

ङ) श्रोतको अनुमान तथा प्रक्षेपण (Estimation and projection of Resources)

स्थानीय तहमा चालु आ.व. र आगामी ५ बर्षसम्म आवश्यक पर्ने जनशक्ति विकास, स्वरोजगारी/रोजगारी सृजना, श्रम बजारको व्यवस्थापन लगायतका क्षेत्रमा आवश्यक पर्ने श्रोत र साधनको प्रक्षेपण सहितको रणनीति तर्जुमा गरिनेछ ।

च) कार्यान्वयन, अनुगमन, मूल्यांकन संरचना निर्माण (Prepare the institutipnal Structure for implementation, monitoring and evaluation)

योजनाको प्रभावकारिता यसको कार्यान्वयन पक्षमा निर्भर गर्ने हुँदा यसको लक्ष्य, उद्धेश्य र कार्ययोजना अनुसारको कृयाकलाप सञ्चालन गरिनु तथा सञ्चालित गतिविधीको नियमित अनुगमन र समय समयमा आवधिक समिक्षा अनुगमन तथा मूल्यांकनमा देखिएका कमी कमजोरीहरुलाई सुधार गरि पुनः कार्यान्वयनमा ल्याउनका लागि एक संस्थागत संरचनाको निर्माण गरि काम, कर्तब्य र अधिकारको स्पष्ट व्यवस्था गरिनेछ ।

छ) योजना कार्यान्वयन र कार्ययोजना निर्माण (Prepare Implimentation workplan)

योजनाको तर्कबद्ध खाका तयारी पश्चात श्रोत र साधनको सिमितता र कार्यक्रमको आवश्यकताको आधारमा बार्षिक कार्ययोजनाको निर्माण गरी सोही अनुसारको श्रोत र साधनको व्यवस्थापन गर्नुपर्ने हुन्छ ।

ज) योजना समिक्षा तथा परिमार्जन : (Review and revise the strategic Plan)

योजनाको प्रभावकारी उपलब्धि हासिल गर्नका लागि समिक्षामा देखिएका कमी कमजोरीलाई सुधार गर्दै अघि बढ्नुपर्ने हुन्छ । जन अपेक्षा अनुसारको लक्ष्य र कृयाकलापहरुलाई सम्बोधन र समायोजन गरी समयानुकुल परिमार्जन, सुधार गर्नुपर्ने देखिन्छ । आर्थिक वातावरण तथा प्रविधीले ल्याएको परिवर्तनलाई पछयाउदै आर्थिक विकासका नयाँ नयाँ चुनौतिहरुको सम्बोधन गर्न र समृद्धिका नयाँ आयामहरुको पहिचान तथा अनुसरण गर्न तत्पर रहन नगरपालिका लाई सक्षम गराउनका लागि सुधार र परिमार्जन गर्नुपर्ने हुन्छ। उल्लेखित प्रक्रियाहरु पुरा गर्नका लागि नगरकार्यपालिकामा रणनीतिक योजना निर्माणको परिचयात्मक कार्यशालाको आयोजना गरिनेछ ।

## ४. अध्ययनको क्षेत्र :

दुल्लु नगरपालिकाको आर्थिक विकास र रोजगारी सृजनाको लागि तयार गरिएको यस रणनीतिक योजनाले पालिकाको आर्थिक पक्ष, स्वरोजगारी रोजगारीका पक्ष, शिक्षित बेरोजगारको पक्ष, तालिम तथा क्षमता विकासका पक्ष, उद्यम, व्यवसायको पक्ष, गरिबी र रोजगारी संग अन्तरसम्बन्धित विषय, बैदेशिक रोजगारी लाई मर्यादित र सुरक्षित गराउने पक्ष, बैदेशिक रोजगारी बाट फर्केका युवाहरुको पुनःश्रम स्वीकृतीका साथै व्यवसायिक र रोजगारमैत्री वातावरणीय आदि पक्षहरुलाई समेट्नेछ । यसले पालिकालाई रोजगारीमा आत्मनिर्भर गराई श्रम

बजारमा आफ्ना जनशक्तिको प्रवेश गर्नका लागि सक्षम गराउन क्षमता विकासका पक्ष, योजनाको कार्यान्वयन तथा सहजिकरणका लागि आवश्यक सुशासन तथा नेतृत्वको संरचना निर्माणका कार्यक्रमको प्रभावकारिता अभिबृद्धि गर्न,अनुगमन तथा मूल्यांकन सम्बन्धी व्यवस्थाका पक्षमा समेत अध्ययन तथा रणनीतिक कार्ययोजना निर्माण गरिनेछ । यसले नगरपालिकाको विकास निर्माण संग अन्तरसम्बन्धित रहने रोजगारीको पाटोको समेत अध्ययन तथा बिश्लेषण गरी उचित सुझावहरुको सिफारिस गर्नेछ । यसले आगामी ५ बर्षमा रोजगारीका अवसरहरुको सृजना र विकासका लागि नगरपालिकाको श्रोत र साधनको व्यवस्था र सो अनुसारको कार्ययोजनाको समेत बिश्लेषण गरी सिफारिसहरु पेश गर्नेछ । मुख्यतः यस रणनीतिक योजनामा प्रदेश, जिल्ला र नगरपालिका तहसम्मका निम्न क्षेत्रहरुको अध्ययन गरिनेछ :कृषि क्षेत्र,उद्योग,पर्यटन क्षेत्र,निर्माण क्षेत्र,उत्पादन क्षेत्र,सूचना प्रविधी क्षेत्र,शिक्षा तथा स्वास्थ्य,जलश्रोत, सिंचाइ तथा उर्जा क्षेत्र ।

## ५. योजना निर्माण तथा कार्यान्वयनमा उत्पन्न हुन सक्ने सीमाहरु

यस रणनीतिक योजनाको तयारीका क्रममा सम्भावना, अनुमानको बिशेष रुपमा ख्याल गरी भविष्यमा आउन सक्ने समस्या, चुनौतीहरुलाई सम्बोधन गर्नका लागि पूर्व सावधानीलाई महत्व दिई तयार गरिनेछ । सकेसम्म यथार्थको नजिक, वस्तुनिष्ठ र रोजगारमैत्री र जनअपेक्षा अनुसारका योजना निर्माणको लागि बिशेष ध्यान दिइएता पनि योजना तर्जमा तथा कार्यान्वयनको चरणमा समेत निम्नानुसारको सीमाहरु रहन सक्ने सम्भावनालाई नकार्न सकिदैन । ती सीमाहरु तपशिल अनुसार रहेका छन् :

१) बाह्य वातावरणको अनिश्चितता (Uncertaintity of External Factors) :

पालिकाको नियन्त्रणमा नरहने बाह्य वातावरण बाट एक्कासि आउन सक्ने परिवर्तनले यसको प्रभावकारी योजना निर्माण र कार्यान्वयनमा समेत प्रभावित पार्ने गर्दछ । देशको आर्थिक अवस्थामा ठूलो परिवर्तन, प्रविधि र श्रम बजारमा आउन सक्ने उतार चढाव आदिले पनि योजना तर्जूमाको लक्ष्य र यसको कार्यान्वयनमा प्रभावकारिता तथा उपलब्धिमा कमी आउन सक्ने देखिन्छ ।

२) नगरपालिकाको प्राथमिकताको बिषयमा हुनसक्ने परिवर्तन(Changing Organizational Priorities):

गरिबि एक अन्तरसम्बन्धित विषय (Cross Cutting Issues) हो र गरिबिको कारकतत्व खराब आर्थिक अवस्था हो । पालिकाको अन्तिम लक्ष्य गरिबि निवारण र आर्थिक समृद्धिको प्राप्ति भएता पनि नगरपालिकाको प्राथमिकताका बिषयहरु परिवर्तन हुन सक्ने हुंदा यो रणनीति कम प्राथमिकतामा पर्न जाने देखिन्छ । जस्तै चरम आर्थिक उतार चढाव, प्रकोपको तिब्र असर आदि कारण लगायतले गर्दा यो क्षेत्र कम प्राथमिकतामा पर्न सक्ने सीमा रहन्छ । नगरपालिकाको राजनैतिक संरचनामा अस्थिरता आउन सक्ने परिवर्तन, प्रशासनिक फेरबदल आदिले यस योजना तर्जुमाको कार्यान्वयन चरणमा सीमितता ल्याउन सक्ने हुन्छ ।

३) अनुभव र सुझावहरुमा सत्यता र यथार्थताको कमीको सम्भावना (Deviation of reality of suggestion and feelings)

यो योजना तर्जुमाको शिलशिलामा अपनाइएका विधिहरुमध्ये व्यक्तिगत प्रश्नावली, सर्भेक्षणका माध्यम, समूहगत छलफल, रोजगारदाताहरु सगंको सूचना तथा सुझाव संकलन, नीति निर्माण तहका सुझावहरु, सरोकारवालाहरु संगको सूचना संकलन, अन्तरवार्ता आदि बाट यथार्थ सूचना तथा तथ्यांकहरु प्राप्त हुन नसक्ने सीमा रहन्छ । यसमा बिचार र अनुभव सूचना तथा सुझावहरु रहेकोले उनिहरुको एकाग्रता, शिक्षा र चेतनामा हुन सक्ने कमी, भावनात्मक पूर्वाग्रह, प्रश्नकर्ताको शैली, बुझाईमा भिन्नता आदि तत्वहरुले यस अध्ययनलाई सिमित गर्नेछ । यसरी अनुभव जन्य सूचना तथा तथ्यांकका कारणले यसको सत्यतामा नजिक पुग्न सिमीत गर्नेछ ।

४) भविष्यको अनुमान गर्ने सम्बन्धी सीमा (Limited Forecasting Accuracy):

देशको वा नगरपालिकाको आर्थिक अवस्था लाई नीतिमा ल्याउन सक्ने ठूला खालको परिवर्तन, कानूनी व्यवस्थामा आउन सक्ने परिवर्तन, प्रविधीले जन्माउन सक्ने बिचलन आदिले व्यवसायिक वातावरणमा अनायशै परिवर्तन ल्याउन सक्ने र श्रम बजारलाई पनि आमुल परिवर्तन ल्याउन सक्ने हुँदा योजना तर्जुमाको समयमा अनुमान गरिएका भन्दा फरक अवस्थाको सृजना हुँदा हालको तथ्यांक र अनुमान फरक पर्न गई योजनालाई सिमित गराउन सक्तछ ।

५) परिवर्तन प्रतिको अनिच्छा (Restivity of Changees) :

योजना तर्जुमा र कार्यान्वयनका चरणमा कार्यालयको संस्थागत परिवर्तन, कार्यप्रक्रिया, पद्धति वा संस्कार आदिमा सुधार वा परिवर्तन आदि गर्नु आवश्यक हुन्छ । त्यसप्रति कर्मचारी वा जनसमुदायमा पनि अनिच्छा वा असमझदारी उत्पन्न हुन सक्ने हुँदा यसले योजना तर्जुमाको चरण र कार्यान्वयनको चरणमा समेत प्रतिरोध आउन सक्ने देखिन्छ ।

६) अपूर्ण सूचना तथा तथ्यांकहरुको प्राप्ति (Incomplete data or informarions):

योजना तर्जुमाको शिलशिलामा तथ्यांक तथा सुचनाहरु संकलन गर्नका लागि तयार गरिएको अनुसूची, सुझाव संकलन फारामहरुमा पूर्ण सूचना प्राप्त नहुनु, उत्तरदाताको शिक्षा र चेतनाको स्तर वा मनोभावना, आग्रह वा पूर्वाग्रहको ले फरक पार्ने हुँदा उत्कृष्ट योजना तर्जुमा पद्धतिमा सिमितता गरिदिन सक्तछ । गलत वा अपूर्ण सुचना, तथ्यांक तथा सुझावहरुले योजना तर्जुमा पद्धतिलाई गलत दिशा तर्फ जाने जोखिम रहने र यसको उपलब्धिमा समेत सिमितता प्रदान गर्ने हुन्छ ।

७) श्रोत र साधनको अपर्याप्तता (Resource Constraintss) :

स्थानीय सरकारका यावत समस्या र जनआकांक्षाहरु रहनु स्वभाविक रुपमा लिइन्छ । आन्तरिक श्रोत साधनको कमी रहनु तर सम्पादन गर्नु पर्ने कार्यहरुको मात्रा बढी हुने हुंदा योजना तर्जुमाको शिलशिलामा समय, श्रोत, बिज्ञताको कमी हुन गई यसको बिशिष्टतामा कमी आउने र कार्यान्वयनको चरणमा समेत गम्भिर असर गर्न सक्ने देखिन्छ ।

८) श्रम बजारमा एक्कासी आउन सक्ने परिवर्तन र प्रविधीको तिब्र विकास (Unexpected Market Competition and rapid technological development):

देशको आर्थिक अवस्था तरल र अनिश्चित रहेको वर्तमान सन्दर्भमा यस योजना तयारीको क्रममा नै एक्कासी कुनै राजनितिक परिवर्तन वा सामाजिक बिश्रृंखलता, प्रविधीमा आएको बिकास वा गिरावट, श्रम बजारमा आउन सक्ने अनपेक्षित उतारचढावले यो योजना निर्माणका साथै कार्यान्वयन चरणलाई समेत सिमित गरिदिन सक्तछ ।

९) श्रमको मागमा आउने सक्ने विविधता (Dynamic change of workforce required)

प्रविधीको होडबाजी र छिमेकी राष्ट्र एवं अन्य राष्ट्रहरुको अनुकरणका कारण वर्तमान समाजको उपभोगको प्रवृति, परिवर्तन, संस्कार, चालचलन आदिमा आउने परिवर्तन आदिले उपभोक्ताको मागमा आउने परिवर्तनले उत्पादनमा समेत परिवर्तन आउन सक्ने र श्रमिकको माग एवं आपूर्तिमा समेत परिवर्तन आउन सक्ने, उनीहरुको सीप र दक्षताको स्तरमा समेत परिवर्तन ल्याउन सक्ने देखिन्छ । यसले श्रमिकको आपुर्ति र उनिहरुको प्रकृतिमा, आवश्यक पर्ने सीप, दक्षता, बिज्ञतामा समेत फरबदल हुने हुँदा यस प्रकारको अनुमान लगाउन कठिन हुन जान्छ र यस योजनाको कार्यान्वयनमा समेत सिमितता ल्याउने हुन्छ ।

१०) आधार तथ्यांकको अभाव : (Lack of base year Data)

यस प्रकारको योजना तर्जुमाको लागि वडा तहसम्मको तथ्यांकको जरुरत पर्ने हुन्छ । तर नगरपालिकातहमा वडा तहको अर्थपरक सर्भेक्षण नहुनु र केन्द्रिय तहमा राष्ट्रिय तथ्यांक कार्यालयले पनि वडा तहको तथ्यांक प्रकाशित नगरेको हुनाले तथ्यांकको अभाव रहेको छ । हाल नमूना सर्वेक्षण विधीको प्रयागले तथ्यांकको नतिजा शतप्रतिशत यथार्थ हुन सक्तैन । आधार बर्षको तथ्यांक प्राप्त गर्नका लागि निकै कठिन देखिएकाले यसबाट प्राप्त नतिजा सन्यताको नजिक मात्र हुन सक्ने हुन्छ ।

माथि उल्लेखित सीमाहरुलाई योजना तर्जुमाको क्रममा उच्चतम सतर्कताका साथ बिचार गरिनेछ र कार्यान्वयनका सन्दर्भमा पनि सम्बन्धित पक्षले यसलाई ख्याल गरि कार्यान्वयमा लान सकेमा यसको प्रभावकारिता तथा उपलब्धिलाई उच्चतम प्राप्ति गर्न सकिन्छ ।

# खण्ड २

## वर्तमान अवस्थाको बिश्लेषण (Current Situation Analysis)

केन्द्रीय तथ्यांक विभागले नेपालको पछिल्लो श्रमशक्ति सर्वेक्षण, २०१७/१८ मा सम्पन्न गरेको थियो। सो सर्वेक्षणका अनुसार नेपाली श्रमबजारका प्रमुख सुचकहरू (पुरुष र महिला अनुसार) श्रमशक्ति सहभागिता दर पुरुषको ५३.८% रहेको सर्वेक्षणले देखाउछ भने महिलाको २६.३% गरी जम्मा ३८.५ % रहेको देखिन्छ। यसको अर्थ प्रत्येक बर्ष श्रम गर्न योग्य जनसंख्या मध्ये ३८.५% श्रम बजारमा आउँछन्। त्यस्तै रोजगार-जनसंख्या अनुपातलाई हेर्दा पुरुष ४८.३%, महिला २२.९% र जम्मा ३४.२% रहेको हामी पाउछौं। त्यस्तै बेरोजगारी दर पुरुषको १०.३% महिला १३.१ %, र जम्मा ११.४% रहेको सर्वेक्षणले देखाएको छ। यो सर्वेक्षणको अध्ययनबाट के देखिन्छ भने रोजगारीको उपलब्धतामा समेत लैंगिक विभेद रहेको छ। हाल कुल जनसंख्याको ५१% महिला छन् भने उनीहरूको श्रमशक्ति सहभागिता दर केवल २६.३% मात्र छ। जनसंख्याका अनुपातमा महिलाको रोजगारी दर २२.९% मात्र छ, जुन पुरुषका तुलनामा २५.४% ले कम छ। त्यसैगरी कुल बेरोजगारी दर ११.४% देखाएकोमा महिलाको बेरोजगारी दर १३.१% छ भने पुरुषको १०.३% मात्र देखाएको छ। यसले रोजगारीमा महिलाको संलग्नता अझै कमजोर रहेको देखाउँछ।

प्रदेश अनुसारको श्रमबजारका प्रमुख सुचकहरूलाई हेर्दा बागमती प्रदेशको श्रमबजारमा सबैभन्दा बढी सहभागिता दर देखिन्छ। बागमती प्रदेशको सहभागिता ४७.१% छ भने सबैभन्दा कम सुदूरपश्चिम प्रदेशमा (२७.३%) रहेको छ। त्यसैगरी जनसंख्याको अनुपातमा रोजगारी दर पनि सबैभन्दा बढी बागमती प्रदेशमा (४३.८%) छ भने सबैभन्दा कम सुदूरपश्चिम प्रदेशमा (२४.१%) रहेको छ। बेरोजगारी दर सबैभन्दा बढी मधेश प्रदेशमा (२०.१%) रहेको छ जुन राष्ट्रिय औषतभन्दा दोब्बर देखिन्छ भने सबैभन्दा कम बेरोजगारी दर बागमती प्रदेशमा (७.०%) रहेको छ। वैदेशिक रोजगारका मुख्य गन्तब्य मुलुकको सन्दर्भमा नेपालमा वैदेशिक रोजगार मुख्य रुपमा खाडी समन्वय परिषद (GCC) राष्ट्रहरू र मलेशियामा केन्द्रित रहेको छ। सन् २०१७/१८ मा मलेशिया, कतार, युएइ, साउदी अरब र कुवेत गरी पाँच राष्ट्रले नेपालको कुल श्रम आप्रवासनको ९२ % हिस्सा ओगटेकोमा सन् २०१८/१९ को पछिल्लो सर्वेक्षणमा आउँदा मलेशिया, कतार, युएइ, साउदी अरब र कुवेत ८८% ओगटेको देखिन्छ। यसबाट नेपालको लागि ती श्रम बजारहरूको महत्व, श्रम बजारमा रहेको न्युन विविधता र नेपालको वैदेशिक रोजगार ती गन्तब्य मुलुकहरूको अर्थतन्त्रमा आउन सक्ने जोखिमबाट पूर्णतः प्रभावित छ भन्ने कुरा छर्लङ्ग हुन्छ।

त्यस्तै पछिल्लो समयमा नेपालको श्रम आप्रवासन प्रतिवेदन २०२०, (श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय) का अनुसार आ.व.२०७५/०७६ मा नेपालको श्रम आप्रवासनका प्रमुख ५ गन्तव्य देशहरूमा केही परिवर्तन आई कतार, युएइ, साउदी अरब, कुवेत र मलेशिया रहेका छन्। ती गन्तव्य मुलुकहरुमा जाने श्रम आप्रवासीहरूको पेशागत वर्गिकरण (महिला र पुरुषको आधारमा) प्रमुख ५ पेशालाई बिश्लेषण गर्दा सामान्य वा प्राथमिक सेवामा उच्च (५५ प्रतिशत) पुरुष तथा ५३ प्रतिशत महिला श्रमिकहरुको संलग्नता देखिन्छन्। दोश्रो सेवा र बिक्रीमा १६.२ % पुरुष र ३६.३% महिला श्रमिक खपत भएको, तेश्रोमा निर्माण पेशामा केवल पुरुष मात्र १०.२% जाने गरेका छन्। चौथो पेशामा सवारी चालक तथा मेशिन अपरेटर रहेको छ। यस पेशामा ७.६% पुरुष र १.३ % महिला रहेको छन्। पाँचौमा इलेक्ट्रिसियन र मेकानिकल टेक्निसियन पेशामा आकर्षण रहेको देखिन्छ। महिला श्रमिकहरू विशेषगरी सरसफाई, आतिथ्य, हेरचाह तथा स्याहारसुसार जस्ता क्षेत्रहरूमा केन्द्रित भएको पाइयो। यसबाट महिलाको तुलनामा पुरुषको पेशामा बढी विविधता रहेको देखिन्छ। व्यवसायिक तथा व्यवस्थापकीय पेशामा वैदेशिक रोजगारमा जाने महिला र पुरुष दुवैको संख्या न्यून रहेको छ। युएइमा सामान्य पेशा मुख्यतः सरसफाई, कतारमा सामान्य पेशा, निर्माण र सवारी चालक र मलेशियामा उत्पादनमुलक क्षेत्र, सेवा र बिक्रि मुख्यतः सुरक्षा गार्ड, जस्ता क्षेत्रमा नेपाली श्रमिकहरू बढी आकर्षित भएका पाइएको छ।

## २.१. दुल्लू नगरपालिकाको परिचय

बाइसे चौविसे राज्यकालमा दुल्लू राज्यको राजधानीका रुपमा चर्चित दुल्लू खस राजा नागराजको शितकालिन राजधानी रहेको कुरा ऐतिहासिक वर्णनहरुमा उल्लेख गरिएको पाईन्छ । विभिन्न शिलालेखहरुमा यस ठाँउलाइ दुर्लभ प्रदेश,दुर्लङ्घ्य नगर भनेर उल्लेख भएको छ । तथापी यसको नामाकरणको सम्बन्धमा कुनै ठोस प्रमाण नभेटिएता पनि बालेश्वर शिवालय र धुलेश्वर पर्वतको बिचमा रहेको नागदुलोको नामका कारण यो क्षेत्रको नाम दुलो रहेको र पछी अपभ्रंस हुदै दुल्लू रहेको कुरा स्थानीय जनश्रुतीमा रहेको पाईन्छ । नेपाल एकिकरणको क्रममा राजा उत्तम शाहीका पालामा विक्रम संवत १८४६ कार्तिक २१ गते सोमबारका दिन दुल्लू राज्य नेपाल राज्यको अधिनस्थ भएतापनि वि सं २०१८ सम्म यो छुट्टै राज्यको रुपमा रहेको थियो । ततपश्चत दुल्लू राज्य विघठन भएर दैलेख जिल्लामा गाभिएको थियो । त्यस पछि दुल्लू राज्यका सबै दराहरुलाई बाँडेर तत्कालिन गाउँ पन्चायत बनाएका थिए । पछिल्लो समय सम्म एक सानो गाउँ विकास समितिको रुपमा रहेको र हाल दुल्लू गा.वि.स आसपासका ६ वटा गा.वि.स हरु(दुल्लू,नेपा,नाउलेकटुवाल,पादुका,बडलम्जी र छिउडीपुसाकोट) लाई समायोजन गरी वि.सं २०७१ बैशाख २५ गते दुल्लू नगरपालिका घोषणा भइ २०७१ जेष्ठ ५ गते विधिवत रुपमा स्थापना गरिएको हो । नेपाल सरकारको राज्य पुनसंरचनाको क्रममा २०७३ साल फाल्गुन २७ गतेको निर्णय अनुसार साविक दुल्लू नगरपालिकाको वडा नं १० भैरवी गाउँपालिकामा समावेश गरी साविकका दुल्लू नगरपालिकाका ९ वटा वडाहरु रहेका थिए । त्यस पछि साविक गमौडी,कालभैरव,गौरी र मालिका गाउँ विकास लाइ समावेश गरी हालको १३ वटा वडाले दुल्लू नगरपालिकाको निर्माण भएको छ ।

## २.२ भौगोलिक अवस्थिति

समुन्द्री सतह बाट करिब ५४४ मिटर देखि ४१६८ मिटर सम्मको उचाईमा रहेको दुल्लु नगरपालिकाको भौगोगिक अवस्थितिका हिसावले उत्तरि अक्षांश २८ डिग्री ४५ मिनेट ४ सेकेण्ड देखि २८ डिग्री ५७ मिनेट १३ सेकेण्ड र देशान्तर ८१ डिग्री ३१ मिनेट २८ सेकेण्ड देखि ८१ डिग्री ४१ मिनेट २६ सेकेण्ड पुर्वी देशान्तरमा फैलिएको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार नगरपालिकाको कुल जनसंख्या ३९,१४३ रहेको छ भने घरपरिवार सर्वेक्षण २०७६ अनुसार ४५,७९५ जनसंख्या रहेको थियो । हाल वडाअनुसार सबैभन्दा उच्च जनसंख्या वडा नं. ६ मा ३,७६४ रहेको छ भने सबै भन्दा न्यून वडा नं. ७ मा १,६९० रहेको देखिन्छ । जस अनुसार हालको औषत घरपरिवारको आकार ४.३२ र लैगिक अनुपात ८६.०६ रहेको छ । दुल्लु नगरपालिका दैलेख जिल्लाको दक्षिण पश्चिमी भागमा रहेको छ । यस नगरपालिकाको पूर्वमा नारायण नगरपालिका र डुङ्गेश्वर गाउँपालिका, पश्चिममा चामुण्डा विन्द्रासैनी नगरपालिका र कर्णाली नदि, उत्तरमा चामुण्डा विंन्द्रासैनी नगरपालिका र भैरवी गाउँपालिकाका र दक्षिणमा डुङ्गेश्वर,गुरास गाउँपालिका कर्णाली नदि सिमाना जोडिएको छ । पहाडि भूभागमा अवस्थित दुल्लू नगरपालिकाको अधिकांश क्षेत्र भिरालो प्रकृतिको रहेको छ । यस नगरपालिकाको सबै भन्दा होचो स्थान: तल्लो डुङ्गेश्वरमा गराइ क्षेत्रको जस्तै तापक्रम पाईन्छ भने उच्च स्थानमा रहेका कोटस्थला तथा मालिकामा हिमाली तापक्रम विद्यमान रहेको छ । जिल्लाको कुल क्षेत्रफलको १०.४२ प्रतिशत भुभाग ओगटेको र यस नगरपालिकाको क्षेत्रफल १५६.७७ वर्ग किलोमिटर रहेको छ ।

## २.३. दुल्लू नगरपालिकाको आर्थिक तथा रोजगारीको अवस्था

दैलेख जिल्लाको कूल २५३,३१९ घरधूरी मध्ये दुल्लू नगरपालिकाको जम्मा घरधूरी ९०५३ रहेको यस नगरपालिकामा पुरुष १८,१०५ र महिला २१,०३८ सहित कूल ३९,१४३ जनसंख्या बसोवास गर्दछन् । दैलेख जिल्लाका ११ वटा स्थानियतहरुमा जनसंख्याका हिसावले दुल्लू नगरपालिका सबै भन्दा धेरै जनसंख्या भएको पालिका हो भने पुरुष साक्षरता दर ८२.६ प्रतिशत र महिला साक्षरता दर ६७.३ प्रतिशत रहेको छ । यस नगरपालिकामा आर्थिक रुपले सक्रिय रहेका १८ देखि ५९ बर्षको उमेर समुहका १७,११४ जना रहेका छन् । प्रति घरधुरी सरदर ४ जना रहेको दुल्लू नगरपालिकाको राष्ट्रिय जनगणना २०७८ को तथ्यांक अनुसार काम गर्न सक्ने १० बर्ष वा सो भन्दा माथिका उमेर समूहको कूल २६,३६१ जना जनसंख्याको रहेको छ । **घरपरिवार सर्वेक्षण** २०७६ अनुसार यस नगरपालिका क्षेत्रभित्र उपलब्ध हुन सक्न प्राविधिक तथा विशेष सीप भएका मानव

संसाधनको संख्या २५७ रहेको छ । यस नगरपालिका क्षेत्रमा कृषि कार्यका लागि जग्गाको उपयोग गर्ने ७,६५९ घरपरिवार मध्ये ५२९ घरपरिवार बाह्र महिन त्यसैगरी ४,८३० घरपरिवार वर्षे सिंचाईको भर पर्नु पर्ने हुन्छ भने २,३०० घरपरिवार सिंचाई सुविधाबाट बञ्चित रहेको देखिन्छ । साथै सोही तथ्यांक अनुसार १० बर्ष वा सो भन्दा माथिको कूल जनसंख्या ७३.४७ प्रतिशत कृषि, मत्स्य एवं वनजन्य उद्योगमा संलग्न रहेका देखिन्छन् । त्यस्तै कुल ३४७ वटा खुद्रा, व्यापार तथा व्यवसायहरु संचालनमा रहेका छन् । आ.व २०८१/०८२ लागि नगरपालिकामा सूचिकृत भएका बेरोजगारहरुको संख्या महिला १,६७३ जना तथा पुरुष ७२६ जना गरि जम्मा २,३९९ रहेका छन्।

(श्रोत: वैदेशिक रोजगार सम्बन्धी दुल्लू नगरपालिकाको घरपरिवार सर्वेक्षण २०७६ अनुसार अधिक रुपमा १४ प्रतिशत युवाहरु मलेशिया र खाडी मुलुकमा नै युवाहरुको गन्तब्य मुलुक रहने गरेको र ती क्षेत्रमा जाँने युवाहरु मध्ये कुनै पनि सीप नसिकी जानेको संख्या अत्याधिक रहेको छ । दुल्लू नगरपालिकामा बार्षिक १ अरव ३० करोड २१ लाख ४१ हजार ५ सय को हाराहारीमा भित्रने गरेको उक्त पार्श्वचित्रको तथ्यांकले देखाउदछ । रोजगारी सृजनाका लागि नगरपालिकाले अपांगता भएकाहरुका लागि क्षमता विकास तालिम, महिलाहरुका लागि सिलाई कटाइ तालिम, सिन्के धुप बनाउने तालिम, बाखा पालन र व्यवसाय विकास तथा बित्तीय साक्षरता तालिम लगायतका केही तालिमहरु प्रदान गरेको देखिन्छ । पालिकामा हालसम्म कूल ५८९ वटा व्यवसायहरु दर्ता भएको छ । नगरपालिकामा हालसम्म ४५ वटा विविध प्रकृतिका सहकारीहरु दर्ता भई सञ्चालनमा रहेको छ ।

## २.४. दुल्लू नगरपालिकाको सामाजिक अवस्था

सामाजिक अवस्थामा शिक्षा, स्वास्थ्य, कला, संस्कृति, लक्षित वर्ग, लैंगिकता, खानेपानी, सरसफाई जस्ता सामाजिक विषयहरु समावेश हुन्छन् । दुल्लू नगरपालिकामा १ वटा क्याम्पस, १५ मा.वि. सहित ३८ वटा सामुदायिक बिद्यालय गरि जम्मा ५४ वटा विद्यालय रहेको यस नगरपालिकाको कूल साक्षरता ७४.३ प्रतिशत ( महिला ६७.३ प्रतिशत र पुरुष ८२.६ प्रतिशत) रहेको छ । नगरपालिकाको कूल ५,३८५ जना जनसंख्या यसअघि बिदेशी मुलुकमा बसोवास गरेका देखिन्छ ।

## २.५. दुल्लू नगरपालिकाको पूर्वाधारको अवस्था

नगरपालिकाको पूर्वाधारको अवस्था हेर्दा मध्यम अवस्थामा रहेको छ । सबै वडा कार्यालयहरु सडक सञ्जालले जोडिएको छ । हालसम्म ६५० कि.मी. कच्चि सडक निर्माण भइसकेको छ भने स्तरोन्नति तथा ग्राभेल र ढलान भएका सडकहरु ५.५ कि.मी. रहेको छ । नगरपालिका क्षेत्र भित्र कालोपत्र गरिएका सडकहरु ५४ कि.मी.रहेको छ । १ वटा अस्पताल , १३ वटै वडामा स्वास्थ्य चौकीको आफ्नै भवन रहेको छ भने ३ वटा वडामा सामुदायिक शहरि स्वास्थ्य क्लिनिक भवन रहेको छ । यस पालिकाका १५ वटै मा.वि.मा सुविधा सम्पन्न भवनहरु रहेका छन् । पालिकामा १ वटा कोभिड आइसोलेशन भवन निर्माणधिन अवस्थामा रहेको,१ वटा सामुदायिक आँखा अस्पताल केन्द्र स्थापना भएको, १३ वटै वडा कार्यालयहरुमा आफ्नै भवन रहेका छन् ।

## २.६.दुल्लू नगरपालिकाको कानुनी अवस्था

नगरपालिकाले हालसम्म २९ वटा ऐनहरु निर्माण गरी कार्यान्वयनमा ल्याएको छ भने ५ वटा नियमावली, ८ वटा निर्देशिका, ५९ वटा कार्यविधी र ७ वटा मापदण्डहरु पनि तयार गरी लागु गरिरहेको छ ।

## खण्ड ३

# रणनैतिक बिश्लेषण (Strategic Analysis)

## ३.१. श्रम तथा रोजगारीको क्षेत्रमा बिद्यमान चुनौतीहरु :

नेपालमा विकासको विभिन्न चुनौती मध्ये एक प्रमुख चुनौती बेरोजगारीको समस्या हो । नेपालको श्रमबजारमा अनौपचारिक आर्थिक कृयाकलापहरू बढी हुन्छन् । औपचारिक क्षेत्रमा रोजगारी नपाएपछि अनौपचारिक क्षेत्रमा सहभागी हुने वा रोजगारीको खोजीमा विदेश पलायन हुने क्रम तीव्र भएको छ । अनौपचारिक क्षेत्रमा बढी जनसंख्या संलग्न हुनुको अर्थ समग्र आर्थिक उत्पादकत्व पनि अनौपचारिक प्रणालीमा आश्रित रहेको देखिन्छ । यस प्रकारको राष्ट्रिय परिवेश स्थानीय तहसम्म समरुपमा देखिन्छन् । दुल्लू नगरपालिको समस्या पनि एकै प्रकृतिको रहेको छ । देशको मुख्य केन्द्र काठमाण्डौको नजिकै रहनुले पनि अनौपचारिक क्षेत्रमा रोजगारीको प्रतिशत बढी रहेको देखिन्छ । दिन प्रतिदिन शिक्षित जनशक्ति बढ्दो दरमा उत्पादन भइ श्रम बजारमा थपिइरहेका छन् । तीनीहरुको व्यवस्थापन गर्नका लागि राज्य सरकारले विभिन्न नीति तथा कार्यक्रमहरु सञ्चालनमा ल्याइ राखेको पनि छ । समय अनुकुल कानुनी व्यवस्था, सीप तथा क्षमता विकासका कार्यक्रमहरु ल्याइरहेको छ । तैपनि हालसम्म सञ्चालन भएका कार्यक्रमहरु तथा विभिन्न नीतिगत प्रयासहरुका बाबजुद रोजगारका संख्यात्मक र गुणात्मक चुनौतीहरु अझपि कायम छन् र यो अवस्थाले नेपालको श्रम बजारमा राम्रो रोजगारको कमी रहेको प्रतिविम्बित गर्दछ ।

स्थानीय स्तरमा एकातिर मानव शक्ति बेरोजगार रहनु अर्कोतर्फ श्रमबजारमा आवश्यक दक्ष र सीपयुक्त जनशक्तिको आपूर्ति गर्न नसकिनुले हाम्रो नीतिगत कमजोरी वा कार्यक्रमगत कमजोरी भएको स्पष्ट हुन्छ । यसले स्थानीयस्तरमा श्रमबजार तथा रोजगारी प्रबर्द्धनको क्षेत्रमा रहेको मुख्य समस्या तथा **चुनौतीहरु** निम्न अनुसार रहेको छन् :

(क) रोजगारी सृजनाका लागि लगानीको अभाव
(ख) श्रम तथा रोजगारमैत्री नीति तथा कानुनको अभाव
(ग) औद्योगिक पूर्वाधारको अभाव
(घ) पूँजीको अभाव
(ङ) उत्पादनशील रोजगारको कमी (न्यून उत्पादकत्व, न्यून ज्याला र कमजोर कार्य व्यवस्था),
(च) शिक्षाको कमजोर स्तर तथा अपर्याप्त सीप विकास, व्यवसायिक शिक्षा र ज्ञानको अभाव
(छ) अन्तरसरकारी तथा सरकारी, नीजि तथा गैरसरकारी निकाय बीच समन्वयको अभाव
(ज) श्रम बजार सूचना प्रणाली र श्रम प्रशासनको अभाव,

## ३.२. रणनीतिको लक्ष्य :

**गुणस्तरीय रोजगारी, युवा श्रमको सम्मान, दिगो आर्थिक समृद्धि दुल्लू नगरपालिकाको अभियान"** यस रणनीतिक योजनाको लक्ष्य रहेको छ ।

## ३.३. रणनीतिको उद्धेश्यहरु :

नेपालले श्रम बजारमा विविध जटिल चुनौतीहरुको सामना गरिरहेको छ । यिनी समस्या र चुनौतीहरु प्रत्यक्ष एवं परोक्ष रुपमा देशको आर्थिक, सामाजिक र राजनीतिक सन्दर्भ गहिरोसँग जोडिएर अन्तर्सम्बन्धित रहेका छन् । यस प्रकारको राष्ट्रिय समस्या र चुनौतीको स्वरुप स्थानीय तहसम्म समानान्तर रहको छ । यसको कारण राष्ट्रिय तथा स्थानीय सरकारको स्पष्ट Vision र Mission को अभाव, आफ्नो क्षेत्रको वस्तुस्थितिको जानकारी नहुनु, अन्तरनिकाय समन्वय र साझेदारीको संस्कार नहुनु, स्पष्ट र प्रभावकारी योजना तथा नीतिको अभाव आदि रहेका छन् । पालिकाको समग्र विकासका उद्देश्य हासिल गर्न योगदान पुऱ्याउन सक्ने प्रभावकारी योजना, कार्यक्रम र बजेट समावेश रहेका नीति रणनीतिहरुको कार्यान्वयन नै प्रमुख आवश्यकताको रुपमा उभिएको छ । स्थानीय रोजगार रणनीतिक उद्देश्यका दृष्टिबाट नीति निर्माण र कार्यान्वयनमा अझ प्रभावकारिता ल्याउन,

तर्कबद्ध योजनाको तर्जूमा र सोको कार्यान्वयन क्षमतामा थप वृद्धि गर्नुपर्ने, रोजगारी वृद्धि र पहलहरुको लागि अनुगमन र मूल्याङ्कन गर्दै उक्त योजनामा आवश्यक समयानुकुल सुधार गर्नुपर्ने तथा नीति-निर्माणको उद्देश्यका रुपमा रोजगारीको प्राथमिकीकरण र समन्वयलाई सबलीकरण गर्नु यस रणनीतिको बिशिष्ट उद्धेश्यहरु हुन् । यसका अलावा यस रणनीतिक योजनाका उद्धेश्यहरु निम्नानुसार रहेका छन् :

१.स्थानीय तहमा रोजगारमैत्री नीति तथा कार्यक्रम तर्जुमा गरी रोजगारीका क्षेत्र र अवसरहरु पहिचान गर्ने ।
२.श्रम बजारको माग बमोजिम जनशक्ति उत्पादन गरी आर्थिक विकासमा टेवा पुर्‍याउने ।
३.युवा लक्षित रोजगारीका अवसरहरुको सृजना गर्न प्राथमिकता दिइने ।
४.रोजगारीको हक तथा श्रमको सम्मानको व्यवस्थालाई स्थानीय तहबाट नै संस्थागत गर्ने ।
५.आप्रवासी र प्रवासी कामदारलाई प्रदान गरिने सेवा र रिटर्नीहरुको परिचालनलाई उचित व्यवस्थापन गर्ने ।

## ३.४. रणनीति तथा कार्यनीतिहरु:

**रणनीति १: स्थानीय तहमा रोजगार मैत्री नीति तथा कार्यक्रम तर्जुमा गरी रोजगारीका क्षेत्र र अवसरहरु पहिचान गर्ने ।**

कार्यनीति १.१.स्थानीय रोजगारीको श्रृजनाको लागि व्यावसायिक वातावरणको निर्माण गर्न स्थानीय आवश्यकता र प्राथमिकता बीच तालमेल कायम गर्दै श्रोतको प्रवाहलाई व्यवस्थित गरिनेछ ।

कार्यनीति १.२.स्थानीय माग र आवश्यकताका आधारमा श्रम बजारको नीति बमोजिम कार्यक्रम तथा बजेट निर्माण र कार्यान्वयन गरिनेछ ।

कार्यनीति १.३. स्थानीय विकास निर्माणका कार्यहरुमा आन्तरिक र सम्बन्धित वडामा सुचीकृत कामदारको प्रयोगमा जोड दिइनेछ ।

कार्यनीति १.४. मझौला तथा ठूला उद्योगमा लगानी गर्न चाहने स्वदेशी, विदेशी नागरिकहरु लाई आकर्षण गरिनेछ ।

कार्यनीति १.५. शीप विकास, उद्यमशीलता र रोजगारीको तथ्यांक संकलन तथा बिश्लेषण गरी रोजगारीको अवसरको पहिचान गरिनेछ ।

कार्यनीति १.६. स्थानीय तहमा दक्ष, प्रतिस्पर्धी र उद्यमशील मानवीय श्रोतको उत्पादनका लागि तालिम तथा क्षमता विकास गरिनेछ ।

कार्यनीति १.७. आन्तरिक र बाह्य श्रमबजारको समेत अध्ययन, अनुसन्धान गरी रोजगारीको अवसरको पहिचान गरिनेछ ।

कार्यनीति १.८. रोजगार सेवा केन्द्रलाई रोजगार सूचना विनिमय केन्द्रको रुपमा विकास गरि श्रम बजारको अवस्था, बेरोजगार र रोजगारी तथा सीप युक्त जनशक्तिको सूची बनाई बेरोजगार र रोजगारदाता बीच सूचना आदान प्रदान गर्ने उपयुक्त संरचना तयार गरिनेछ ।

कार्यनीति १.९.स्थानीय विकास निर्माणका कार्यहरुमा सम्बन्धित वडामा र आन्तरिक सूचीकृत कामदारको प्रयोगमा जोड दिइनेछ ।

कार्यनीति १.१०. आर्थिक विकास र रोजगारीको क्षेत्रलाई विकासका विविध आयाममा अन्तरसम्बन्धित बिषय (Cross cutting Issues) को रुपमा अंगिकार गरि सबै पक्षमा सामञ्जस्यता र मूलप्रवाहिकरण गर्दै लगिनेछ ।

**रणनीति २: श्रम बजारको माग बमोजिम जनशक्ति उत्पादन गरी आर्थिक विकासमा टेवा पुऱ्याउने।**

कार्यनीति २.१. श्रमिक र श्रमको उचित सम्मान गर्ने संस्कृतिको विकासका लागि सचेतनामुलक अभियानमा जोड दिईनेछ।

कार्यनीति २.२. रोजगारी प्रबर्द्धन र उत्पादनशील रोजगारी सिर्जनाका कार्यक्रमहरुमा जोड दिइनेछ।

**रणनीति ३: युवा लक्षित रोजगारीका अवसरहरुको सृजना गर्न प्राथमिकता दिइने संग सम्बन्धित :**

कार्यनीति ३.१. युवा रोजगारीका लागि प्रभावकारी कार्यक्रम तथा कार्ययोजना तयार गरी लागु गरिनेछ।

कार्यनीति ३.२. आर्थिक उद्यमशिलतामा जागरुक गराई युवाहरुलाई रोजगार, स्वरोजगार र सामाजिक काममा अवसरहरु प्रदान गरिनेछ।

कार्यनीति ३.३. ग्रामीण युवाहरुलाई श्रम बजारको सूचना प्रदान गर्ने र अवसरहरुको खोजीको लागि Career Counseling जस्ता उत्प्रेरणात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

**रणनीति ४: रोजगारीको हक तथा श्रमको सम्मानको व्यवस्थालाई स्थानीय तहबाट नै संस्थागत गर्ने संग सम्बन्धित:**

कार्यनीति ४.१. नेपालको संवैधानिक व्यवस्था अनुसार रोजगारीको हक र श्रमको हकको सम्मान गर्न बिद्यमान पालिका स्तरको प्रशासनिक संयन्त्रलाई स्थायीत्व प्रदान गर्दै, एकिकृत रोजगार सेवा केन्द्र तथा रोजगार सूचना विनिमय केन्द्रको रुपमा व्यवस्थित र सुविधा सम्पन्न गराइनेछ।

कार्यनीति ४.२. रोजगारीको क्षेत्रमा व्याप्त लैंगिक, जातीय विभेदलाई क्रमशः हटाउदै लैजान विविध कार्यक्रमहरु सञ्चालन गर्ने।

**रणनीति ५: आप्रवासी र प्रवासी कामदारलाई प्रदान गरिने सेवा र रिटर्नीहरुको परिचालन, विप्रेषणजन्य आयलाई उचित परिचालन गरि क्षमता विकासका कार्यक्रमहरुलाई व्यवस्थापन गर्ने संग सम्बन्धित**

कार्यनीति ५.१. रोजगार सेवा केन्द्रबाट एकिकृत श्रम र रोजगारमुलक सेवा प्रदान गर्ने कार्य शुभारम्भ गरिनेछ।

कार्यनीति ५.२. स्थानीय तहमा रोजगारी स्वरोजगारी सृजना, बैदेशिक रोजगारीका लागि सहजिकरण सेवाका बिषय, बैदेशिक रोजगारीका बाट फर्केकाहरुका लागि एकिकरण तथा पुनःस्थापना, स्थानीय स्तरमा जनशक्ति विकास, पालिकातहमा सम्बन्धित क्षेत्रको नीतिगत व्यवस्था र सुधार, श्रोतको विनियोजनको बिषयमा सुझाव, समन्वय, सहकार्य र बहस पैरवी गर्नका लागि सार्वजनिक समुदायका नागारिक समाज बीचको साझा मञ्च गठन कार्यविधी निर्माण तथा संरचना तयार गरी कार्यपद्धतिको शुरुवात गरिनेछ।

कार्यनीति ५.३. आप्रवासीहरु लाइ सूचना तथा रिटर्नीहरुको सीप, अनुभव, दक्षता सहितको अभिलेख तथा सूचना प्रणालीलाई व्यवस्थित तथा सबलिकृत गरिनेछ।

# खण्ड ४

## रणनीति कार्यान्वयन संयन्त्र

## (Strategic Implementation Structure)

स्थानीय रोजगार रणनीति आर्थिक विकासको माध्यमबाट स्थानीय तहमा रोजगारी सृजना गर्ने क्षेत्रगत रणनीति (Sectoral Strategy) भएता पनि यसले अन्य बिषयगत नीति रणनीतिहरुलाई समेत अगुवाई गरी यसै नीति अनुसारका बिषयगत कार्यक्रमहरुलाई निर्देशित गर्दछ । आर्थिक विकास र गरिबी निवारण बहुआयामिक ( Cross Cutting Issues) भएकोले समग्र नीति सगं यो जोडिएको हुन्छ । स्थानीय तहका सबै कार्यक्रमहरुको साझा उद्धेश्य पालिकाको विकास र समृद्धि संग जोडिएको हुन्छ । तसर्थ यसै रणनीतिको परिधि भित्र रहि सम्वन्धित शाखाहरुले आफ्ना नीति तथा कार्यक्रम र कार्यनीतिहरु तयार गरी कार्यान्वयन गर्न सकेमा मात्र यसका लक्ष्य तथा उद्धेश्य प्राप्तिले सार्थकता पाउने हुन्छ । तसर्थ अन्तरसम्बन्धित विषयको रुपमा रहेको रोजगारी सिर्जनाको लक्ष्यलाई कार्यान्वयनमा ल्याउन विभिन्न बिषयगत शाखा, विभाग, गैरसरकारी संघसंस्थाका परियोजना तथा कार्यक्रमहरु, अन्य विषयगत निकायहरु र निजी क्षेत्रका सरोकारवालाहरुको जिम्मेवारी हुनेछ । रोजगारीलाई क्षेत्रगत नीति तथा कार्यक्रमहरुमा समाहित गरेको सुनिश्चित गर्न तथा रणनीति योजनाका नतिजालाई अनुगमन गर्न संस्थागत संरचना निर्माण गरिने छ ।

प्रभावकारी तालिम कार्यक्रम मार्फत सम्बद्ध शाखाहरुमा आर्थिक विकास तथा रोजगार केन्द्रीत लक्ष्यको प्राप्ति र परिणाममुखी अनुगमन गर्ने क्षमता अभिवृद्धि गरिनेछ जसले रोजगार केन्द्रीत लक्ष्यलाई सम्बोधन गर्ने समग्र योजना, नीति र रणनीतिमा रोजगार लक्ष्यलाई समायोजन गर्नेछ । यस रणनीतिक योजनाको कार्यान्वयनका सन्दर्भमा आवश्यक अनुगमन, सुझाव र पृष्ठपोषण र प्रतिकिया प्रदान गर्दै आवश्यक सुधारको लागि कार्यक्रम निर्देशक समिति, अनुगमन समितिका साथै नागरिक संयन्त्र समेतको आवश्यकता देखिन्छ । यी सबै संयन्त्रको कुशल सक्रियताले नै यस रणनीतिको सफल कार्यान्वयन तथा यसका रणनीतिक लक्ष्य प्राप्त भई दुल्लूनगरपालिका रोजगारी र स्वरोजगारी प्राप्तिको क्षेत्रमा प्रगति हासिल गर्दै गरिबी निवारण र आर्थिक रुपमा समृद्ध पालिकाको रुपमा स्थापित हुनेछ । यस रणनीतिको कार्यान्वयन, अनुगमन, उत्पन्न समस्या समाधान, यसको पुनरावलोकन र परिमार्जन, तेश्रो पक्षको रुपमा रहने नागरिक समाजको निगरानी, समिक्षा, गर्नका लागि व्यवस्थित गर्न विभिन्न संस्थागत व्यवस्था गरिएको छ । यो मूल रणनीति भएकोले यसको उद्धेश्य प्राप्तिका लागि आवश्यक लगानी सुनिश्चितता, परियोजना, कार्यक्रम एवं नीतिले रोजगारीमा परेको प्रभाव सम्बन्धमा सम्बद्ध शाखा, विभाग र विभिन्न निकायहरुलाई निर्देशित गर्नका लागि आवश्यक नीतिहरु तथा संस्थागत संरचनाहरु निम्नानुसार रहेको छ ।

### ४.१. स्थानीय रोजगार रणनीति योजना तर्जुमाका कानुनी आधार :

यो रणनीतिक योजना तर्जुमा गर्दा नेपालको संविधानमा उल्लेखित रोजगारी तथा सम्बन्धी मौलिक हक,राज्यका निर्देशक सिद्धान्त र नीति,रोजगारीको हक सम्बन्धी ऐन र नियमावली,राष्ट्रिय रोजगार नीति,बैदेशिक रोजगार नीति,पन्ध्रौ योजना, पाँच वर्षे रणनीतिक योजना,प्रधानमन्त्री रोजगार कार्यक्रम संञ्चालन निर्देशिका, कर्णाली प्रदेश सरकारको नीति तथा योजना,स्थानीय नीति,योजना तथा प्रतिबद्धतना,दिगो विकासका लक्ष्य,रोजगार संवाद मञ्चको सञ्चालन तथा व्यवस्थापन कार्यविधी,नेपाल सरकारले श्रम तथा रोजगारी सम्बन्धी गरेका अन्तराष्ट्रिय सम्झौता एवं प्रतिबद्धताहरुलाइ रणनीतिक योजना तर्जुमाको आधार मानेको छ ।

## ४.२. संस्थागत व्यवस्था :

### अ) स्थानिय रोजगार रणनीति कार्यान्वयन समिति :

यस दुल्लू नगरपालिका भित्र रहेका रोजगारीका सम्भावित अवसरहरुको पहिचन गर्न,रोजगार सम्बद्ध सेवा एवं सरोकारवालाहरुको नक्साङ्कन गर्न,रोजगारीको हकको कार्यान्वयन लगायत रोजगारीका अन्य विषयमा आवश्यक नीति तथा रणनीतिहरुको तर्जुमा गर्ने काम स्थानीय निर्देशक समितिको रहने छ । तर त्यस्तो नीति तथा रणनीति सँग सम्बन्धित कार्यनीति एवं कार्यक्रमहरु तर्जुमा गरि कार्यान्वयन गर्न देहाय बमोजिमको रणनीति कार्यान्वयन समिति रहनेछ।

| | |
|---|---|
| क) नगरप्रमुख: | संयोजक |
| ख) नगर उपप्रमुख | सहसंयोजक |
| ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ) आर्थिक विकास समितिका संयोजक | सदस्य |
| ङ) सामाजिक विकास समितिका संयोजक | सदस्य |
| च) पूर्वाधार विकास शाखा प्रमुख | सदस्य |
| छ) रोजगार संयोजक | सदस्य सचिव |

### आ) स्थानिय रोजगार रणनीति कार्यान्वयन समितिको काम कर्तव्य र अधिकार

१.स्थानीय रोजगार रणनीति कार्यान्वयन समितिको सचिवालयको रुपमा रोजगार सेवा केन्द्रले कार्य गर्नेछ साथै समितिको बैठक चौमासिक रुपमा बस्नु पर्नेछ । समितिले बैठक सम्बन्धि अन्य कार्यविधि आफैले तय गर्न सक्ने छ ।

२.रणनीतिक उदेश्य हासिल तथा कार्यान्वयन गर्न रोजगार सेवा केन्द्रलाइ आवश्यक बजेट विनियोजनका लागि नगर सभा लाइ सिफारिस गर्नेछ । साथै रणनीतिको प्रभावकारी कार्यान्वयनमा निजी क्षेत्र,राष्ट्रिय अन्तर्राष्ट्रिय गैर सरकारी संघसंस्थाको आर्थिक एवं प्राविधिक श्रोत्त साधन परिचालन गर्न सकिने छ।

३.रणनीति कार्यान्वयनमा दखिएका समस्याहरुको समाधान गर्न वा आवश्यक अन्य विषयमा स्थानीय रोजगार संम्वाद मंञ्चको सल्लाह सुझाव लिन सक्ने छ ।

४.रणनीतिको सफल कार्यान्वयनका लागि रोजगार संम्वद्ध सरोकारवालाहरु सँग छलफल एवं अन्तरकिया गरि आवश्यकता अनुसार मासिक,वार्षिक वा दीर्घकालीन कार्ययोजना निर्माण गर्न सक्नेछ ।

५.स्थानीय तह भित्र रहेका रोजगारीका अवसर तथा सम्भावनाहरुको पहिचान गर्ने र कार्यान्वयन गर्न सक्नेछ ।

६.वेरोजगारको समस्यालाइ दिगो वा दिर्धकालीन रुपमा समाधान गर्न रोजगार रणनीति योजनालाइ प्रभावकारी कार्यान्वयन गर्न पहल गर्नेछ ।

७.रणनीति कार्यान्वयन बाट अपेक्षित उपलब्धि तथा प्रतिफल प्राप्त भए नभएको पटक पटक समिक्षा गर्ने तथा प्रभावकारी बनाउन स्थानीय तहको बजेट निर्माण गर्नु पूर्व बार्षिक समिक्षा तथा मूल्याङ्कन गरि आवश्यक सुझाव दिनेछ ।

८.श्रम बजारको माग बमोजिम सरकारी, गैरसरकारी र अन्य निकाय सँग रोजगारी सिर्जना सम्बन्धि आवश्यक समन्वय तथा सहकार्य गर्नेछ ।

१०.निजी क्षेत्रसँगको सहकार्यमा सूचिकृत बेरोजगार श्रमिक माग गर्ने रोजगारदाताहरुलाई सम्मान गर्ने ।

## ४.३.स्रोत्त व्यवस्थापन

यस रणनीतिक योजना कार्यन्वयन गर्न रोजगार सेवा केन्द्रलाइ आवश्यक स्रोत्त साधनको व्यवस्थापन नगरकार्यपालिकाले गर्नेछ । यस रणनीतिको प्रभावकारी कार्यन्वयन गर्नका लागि सरकारी क्षेत्र, निजी क्षेत्र,सहकारी राष्ट्रिय अर्न्तराष्ट्रिय गैरसरकारी संघ संस्था तथा अन्य विकास साझेदारहरुको आर्थिक तथा प्राविधिक स्रोत्त साधन परिचालन गर्नुका साथै समन्वय सहकार्य समेत गर्न सकिने छ ।

## ४.४. अनुगमन तथा मूल्यांकन

स्थानीय निर्देशक समितिले रणनीति कार्यान्वयनको अनुगमन गरि सो को प्रतिवेदन नगर कार्यपालिका समक्ष पेश गर्ने छ । अनुगमन प्रतिवेदनको आधारमा नगर कार्यपालिकाको पृष्ठपोषण बमोजिम स्थानीय निर्देशक समितिले रोजगार सम्बद्ध सरोकारवालाहरु संगको छलफल एवं परामर्शमा रणनीतिमा पुनरावलोकन एवं सुधार गर्न आवश्यक भएमा सुधार गर्नुपर्ने पक्षहरु समेटिएको प्रतिवेदन नगर कार्यपालिकालाई पेश गर्नु पर्नेछ । रणनीति कार्यान्वयन बाट पहिचान गरिएका विभिन्न क्षेत्रहरु संग रोजगारीका अवसरहरुमा भएको वृद्धि एवं देखिएको प्रभाव सम्बन्धमा स्थानीय निर्देशक समितिको राय परामर्शमा रणनीति कार्यान्वयन समितिले तेश्रो पक्ष बाट रणनीतिको मूल्यांकन वा प्रभाव मूल्यांकन गर्न सक्ने छ ।

## ५.जोखिम पहिचान तथा व्यवस्थापन

रोजगार रणनीतिक योजना कार्यन्वयन गर्न क्रममा केहि जोखिमहरु पनि आउन सक्ने सम्भावना रहेको देखिन्छ । सम्भावित जोखिहरुलाइ देहाय बमोजिम उल्लेख गरिएको छ ।

क) स्रोत्तको व्यवस्थापन

ख) विभिन्न निकायहरु बीच समन्वय र सहकार्य

## ५.१.जोखिम व्यवस्थापनका लागि ध्यान दिनुपर्ने कुराहरु

क) रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनको लागि विकास साझेदारहरु सँग श्रोत्त व्यवस्थापनको लागि समन्वय र सहकार्य गर्ने ।

ख) रणनीतिक योजनामा समावेश भएका क्रियाकलापहरुलाइ तहगत रुपमा वर्गीकरण गरि कुन वर्षमा के गर्ने भनि प्राथामिकताकरण गर्ने ।

ग)पालिका भित्र रोजगारीको क्षेत्रमा काम गर्ने सम्पूण निकाय एवं संघसंस्थाहरु बीच साझा बुझाई कायम गर्ने ।

घ) रणनीतिक योजना कार्यान्वयन समितिमा रहेका पदाधिकारीहरुको क्षमता अभिवृद्धि गर्ने ।

ङ)रोजगारीका कार्यक्रम संचालनको लागि आवश्यकता अनुसार विभिन्न निकाय,संघसंस्थाहरु सँग समन्वय,सहकार्य र सम्बन्ध विस्तार गर्ने ।

# अनुसूचीहरु
## अनुसूची १
## दुल्लू नगरपालिका
## स्थानीय रोजगार रणनीति योजना २०८१
## कार्ययोजना

| क्र.स | रणनीति, कार्यनीति र कृयाकलापहरु | जिम्मेवार निकाय/शाखा | सहयोगी निकाय/शाखा | समयावधी | कार्यसम्पादन सूचक | बजेट रु (हजारमा) | जोखिम |
|---|---|---|---|---|---|---|---|
| **रणनीति १ : स्थानीय तहमा रोजगार मैत्री नीति तथा कार्यक्रम तर्जुमा गरी रोजगारीका क्षेत्र र अवसरहरु पहिचान गर्ने** | | | | | | | |
| कार्यनीति १.१. स्थानीय रोजगारीको श्रृजनाको लागि व्यावसायिक वातावरणको निर्माणका गर्न स्थानीय आवश्यकता र प्राथमिकता बीच तालमेल कायम गर्दै श्रमको प्रवाहलाई व्यवस्थित गरिनेछ । | | | | | | | |
| क | स्थानीय आवश्यकता बिश्लेषण तथा पहिचान | रोजगार सेवा केन्द्र/शाखा | उद्योग विकास शाखा | २०८०/०८१-२०८२/२०८३ | पालिकामा स्थानीय श्रम सवर्क्षणको आधारमा आवश्यकता पहिचान गरिएको हुनेछ । | ६० | |
| कार्यनीति १.२. स्थानीय माग र आवश्यकताका आधारमा श्रम बजारको नीति बमोजिम कार्यक्रम तथा बजेट निर्माण र कार्यान्वयन गरिनेछ । | | | | | | | |
| क | स्थानीय श्रम सर्वेक्षण कार्यक्रम | रोजगार सेवा केन्द्र/शाखा | उद्योग विकास शाखा | २०८०/०८१-२०८२/०८३ | पालिकामा रोजगारदताको संख्या, रोजगारीको संख्या लगातयका तथ्यांकहरु संकलन भएको हुनेछ । | ९० | |
| कार्यनीति १.३. स्थानीय विकासका निर्माणका कार्यहरुमा आन्तरिक र सम्बन्धित वडामा सुचीकृत कामदारको प्रयोगमा जोड दिइनेछ । | | | | | | | |
| क | बेरोजगार कामदारको सूचीकरण कार्यक्रम | रोजगार सेवा केन्द्र/शाखा | न पा | २०८०/०८१-२०८४/०८५ | पालिकामा बेरोजगारहरुको सूची तयारी तथा उनीहरुको १०० दिनको रोजगारी प्रदान गरिनेछ । | २० | |
| कार्यनीति १.४. मझौला तथा ठूला उद्योगमा लगानी गर्न चाहने स्वदेशी, विदेशी नागरिकहरुलाइ आकर्षण गरिनेछ । | | | | | | | |
| क | सम्बन्धित लगानीकर्ताहरु संगको लगानी सम्बन्धी अन्तर्क्रिया कार्यक्रम | रोजगार सेवा केन्द्र/शाखा | उद्योग विकास शाखा | २०८१/०८२-२०८३/०८४ | पालिकामा लगानी गर्न चाहने उद्योगी व्यपारीहरुको रेकर्ड तयार भइ कम्तिमा ३ पटक लगानीकर्ता र पालिका बीचमा अन्तर्क्रिया गोष्ठि भइ प्रतिबद्धता तयार भएको हुनेछ । | ६० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ख | उद्योग सञ्चालन पूर्वका पूर्वाधार (उर्जा, सडक, खानेपानी, सिंचाई आदि) निर्माण साझेदारी कार्यक्रम | योजना शाखा, उद्योग शाखा र पूर्वाधार शाखा | | २०८१/०८२-२०८४/०८५ | उद्योग सञ्चालनका लागि छनौट भएका स्थानहरुमा आवश्यक पूर्वाधारहरु साझेदारी निर्माणमा भएको हुनेछ । | ९० | |
| कार्यनीति १.५. शीप विकास, उद्यमशीलता र रोजगारीको तथ्यांक संकलन तथा विश्लेषण गरी रोजगारीको अवसरको पहिचान गरिनेछ । | | | | | | | |
| क | रोजगार प्रोफाईल तयारी | रोजगार सेवा केन्द्र/शाखा | सूचना प्रविधी शाखा | २०८१/०८२ | नगरपालिकाको विद्यमान रोजगारीको अवस्था र भविष्यमा आवश्यक सीप र रोजगारीको आकलन सहित प्रोफाइल तयार भएको हुनेछ । | ६० | |
| कार्यनीति १.६. स्थानीय तहमा दक्ष, प्रतिस्पर्धी र उद्यमशील मानवीय श्रोतको उत्पादनका लागि तालिम तथा क्षमता विकास गरिनेछ । | | | | | | | |
| क | व्यवसायमुलक तालिम | उद्योग विकास शाखा | रोजगार सेवा केन्द्र/शाखा | २०८१/०८२-२०८४/०८५ | पालिकामा कम्तिमा ३०० जना लाई मागका आधारमा व्यवसायमुलक तालिम प्रदान गरिएको हुनेछ । | ९० | |
| ख | उत्पादनमुलक तालिम | उद्योग विकास शाखा | रोजगार सेवा केन्द्र/शाखा | २०८१/०८२-२०८४/०८५ | पालिकामा कम्तिमा २०० जना लाई मागका आधारमा उत्पादनमुलक तालिम प्रदान गरिएको हुनेछ । | ९० | |
| ग | आधुनिक सूचना प्रविधी सम्बन्धी तालिम | उद्योग विकास शाखा | रोजगार सेवा केन्द्र/शाखा | २०८१/०८२-२०८४/०८५ | पालिकामा कम्तिमा १०० जना लाई मागका आधारमा सूचना प्रविधी तालिम प्रदान गरिएको हुनेछ । | ८० | |
| घ | अध्ययन भ्रमण तथा क्षमता विकास कार्यक्रम | उद्योग विकास शाखा | रोजगार सेवा केन्द्र/शाखा | २०८१/०८२-२०८४/०८५ | आवश्यकता अनुसारका सहभागीहरुलाई नमूना उद्योग व्यवसायको अध्ययन, अवलोकन भ्रमण गराइएको हुनेछ । | ९० | |
| ङ | तालिम प्राप्त जनशक्तिको सीप परिक्षण कार्यक्रम | उद्योग विकास शाखा | रोजगार सेवा केन्द्र/शाखा | २०८१/०८२-२०८४/०८५ | सी.टी.ई.भी.टी.को प्राविधिक सहयोगमा तालिम प्राप्त जनशक्तिको सीप परिक्षण गरि प्रमाणिकरण गरिनेछ । | ५० | |
| कार्यनीति १.७. आन्तरिक र बाह्य श्रमबजारको समेत अध्ययन, अनुसन्धान गरी रोजगारीको अवसरको पहिचान गरिनेछ । | | | | | | | |
| क | श्रम बजारको अध्ययन कार्यक्रम | रोजगार सेवा | सूचना प्रविधी- | २०८२/०८३- | आन्तरिक र बाह्य श्रम बजारको | ५० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | केन्द्र/शाखा | शाखा | २०८८/०८५ | अध्ययन र श्रम सम्बन्धका विषयमा अध्ययन गरी प्रतिवेदन तयार भएको हुनेछ । | | |
| ख | होटल व्यवसाय, होमस्टे, कृषि पर्यटन, जलविहार जस्ता वढी रोजगारी सृजना गर्ने व्यवसायको अध्ययन अनुसन्धान गरी प्रबर्द्धन गर्ने कार्यक्रम | उद्योग विकास शाखा | रोजगार सेवा केन्द्र/शाखा | २०८१/०८२-२०८८/०८५ | वढी संख्यामा रोजगारी दिन सक्ने अवसरको पहिचान हुनेछ । | ७० | |
| कार्यनीति १.८. रोजगार सेवा केन्द्रलाई रोजगार सूचना विनिमय केन्द्र वा श्रम सूचना केन्द्रको रुपमा विकास गरि श्रम बजारको अवस्था, बेरोजगार र रोजगारी तथा सीप युक्त जनशक्तिको सूची बनाई बेरोजगार र रोजगारदाता बीच सूचना आदान प्रदान गर्ने उपयुक्त संरचना तयार गरिनेछ । | | | | | | | |
| क | रोजगार सेवा केन्द्रलाई सुदृढिकरण तथा कर्मचारी क्षमता विकास कार्यक्रम | रोजगार सेवा केन्द्र/शाखा | न पा र श्रम मन्त्रालय | २०८१/०८२-२०८८/०८५ | रोजगार सेवा केन्द्रको सुदृढिकरण भइ श्रम सूचना केन्द्रको कर्मचारी क्षमतावान भइ कार्य गर्न सक्नेछन् । | ७० | |
| ख | श्रम वजार, रोजगार, बेरोजगारको सूची वेभसाइटमा प्रकाशन, ब्रोसर, बुकलेट लगायतका प्रकाशन सामाग्री छपाइ | रोजगार सेवा केन्द्र/शाखा | सूचना प्रविधी शाखा | २०८१/०८२-२०८८/०८५ | पालिकाको आर्थिक, श्रमिकको अवस्थाको जानकारीका साथै रोजगारीको खोजीमा रहेका, श्रमिको खोजिमा रहेकाहरुको लागि श्रोत सामाग्रीको तयार हुनेछ । | ५० | |
| कार्यनीति १.९. स्थानीय विकासका निर्माणका कार्यहरुमा सम्बन्धित वडामा र आन्तरिक सुचीकृत कामदारको प्रयोगमा जोड दिइनेछ । | | | | | | | |
| क | कम्तिमा १०० प्र.श. कामदार सूचीकृत मध्येवाट प्रयोग गर्नुपर्ने विषयमा वडा तथा र समुदायतहमा र उपभोक्ता समितिलाई अभिमुखिकरण | रोजगार सेवा केन्द्र | न पा | २०८१/०८२-२०८४/०८५ | सूचीकृत बेरोजगारहरुको रोजगारीको सुनिश्चितता हुनेछ । योजनाको सम्भौताको शर्तमा नै उक्त बुँदा उल्लेख गरिएको हुनेछ । | ५० | |
| ख | सूचिकृत बेरोजगारहरुको आधारभूत क्षमता अभिबृद्धि कार्यक्रम | रोजगार सेवा केन्द्र/शाखा | योजना शाखा | २०८१/०८२-२०८४/०८५ | सूचीकृत बेरोजगारहरुको अर्धदक्ष कामदारको रुपमा विकास गरी क्रमशः अन्यत्र रोजगारीमा लाग्न सक्ने क्षमतावान बनी बेरोजगारको संख्या क्रमशः घट्दै गएको हुनेछ । | ५० | |
| कार्यनीति १.१०. आर्थिक विकास र रोजगारीको क्षेत्रलाई विकासका विविध आयाममा अन्तरसम्बन्धित विषय Cross Cutting Issues को रुपमा अंगिकार गरि सबै पक्षमा | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सामञ्जस्यता र मूलप्रवाहिकरण गर्दै लगिनेछ । | | | | | | |
| क | रोजगार सरोकारवाला निकाय र आन्तरिक शाखाहरु सगको आवधिक समिक्षा तथा नतिजा अनुगमन | रोजगार सेवा केन्द्र/शाखा | योजना शाखा तथा अन्य शाखा | २०८१/०८२-२०८४/०८५ | रोजगारका अन्तर्सम्वन्धित विषयमा समीक्षा, नीतिको पुनरावलोकन तथा नतिजाको लेखाजोखा गरिएको हुनेछ । | ४० | |
| ख | समग्र योजना, नीति र रणनीतिमा रोजगार लक्ष्यलाई समायोजन सम्बन्धी तालिम | रोजगार सेवा केन्द्र/शाखा | योजना शाखा तथा अन्य शाखा | २०८१/०८२-२०८४/०८५ | सम्बन्धित शाखा प्रमुखहरुलाई रोजगारीको अन्तरसम्बन्धित विषयमा क्षमता विकास गरी मूलप्रवाहीकरण गरिएको हुनेछ । | ४० | |
| | | | | | रणनीति १ को जम्मा खर्च | ७८० | |
| | | | | | | | |
| | **रणनीति २ : श्रम बजारको माग बमोजिम जनशक्ति उत्पादन गरी आर्थिक विकासमा टेवा पुऱ्याउने संग सम्बन्धित** | | | | | | |
| क.सं. | रणनीति, कार्यनीति र कृयाकलापहरु | जिम्मेवार निकाय/शाखा | सहयोगी निकाय/शाखा | समयावधी | कार्यसम्पादन सूचक | बजेट रु (हजारमा) | जोखिम |
| | कार्यनीति २.१. श्रमिक र श्रमको उचित सम्मान गर्ने संस्कृतिको विकासका लागि सचेतनामुलक अभियानमा जोड दिईनेछ । | | | | | | |
| क | श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी समुदाय तथा वडा स्तरीय अभिमुखिकरण कार्यक्रम | रोजगार सेवा केन्द्र | रोजगार सेवा केन्द्र | २०८१/०८२-२०८४/०८५ | विद्यालय स्तरका मा.वि.तहका ५०० बिद्यार्थीहरुलाई श्रमको सम्मान राष्ट्रको अभियानको विषयमा अभिमुखिकरण भएको हुनेछ । | ७० | |
| ख | श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी समुदाय स्तरीय अनुशिक्षण कार्यक्रम | रोजगार सेवा केन्द्र | योजना शाखा | २०८१/०८२-२०८४/०८५ | समुदाय स्तरका ३०० जनालाई श्रमको सम्मान राष्ट्रको अभियानको विषयमा अनुशिक्षण प्रदान गरिएको हुनेछ । | ९० | |
| | कार्यनीति २.२. रोजगारी प्रबर्द्धन र उत्पादनशील रोजगारी सिर्जनाका कार्यक्रमहरुमा जोड दिइनेछ । | | | | | | |
| क | गुणस्तरीय सीप विकास बाह्य जिल्लामा लामो समयको बिशेषज्ञ प्राविधिक सीप तालिम कार्यक्रम | रोजगार सेवा केन्द्र/शाखा | उद्योग विकास शाखा | २०८२/०८३-२०८४/०८५ | कम्तिमा ४० जनाले विशेष बिशेषज्ञ प्राविधिक सीप हासिल गरी सि.टी.ई.भी.टी.को तह ३ को सीप परिक्षण प्रमाण पत्र, प्राप्त गरी | ९० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | पालिकामा आफैं तालिम सञ्चालन गर्न सक्ने जनशक्ति उत्पादन हुनेछ । | | |
| ख | कार्यस्थलमा (On the Job Training) प्राविधिक तालिम कार्यक्रम | रोजगार सेवा केन्द्र/शाखा | रोजगार सेवा केन्द्र/शाखा | २०८२/०८३-२०८४/०८५ | कम्तिमा ४० जनाले कार्यस्थल प्राविधिक सीप हासिल गरी सि.टी.ई.भी.टी.को तह ३ को सीप परिक्षण प्रमाण पत्र प्राप्त गरी पालिकामा आफैं तालिम सञ्चालन गर्न सक्ने जनशक्ति उत्पादन हुनेछ । | ३० | |
| | | | | | रणनीति नं. २ को जम्मा | २८० | |

**रणनीति ३: युवा लक्षित रोजगारीका अवसरहरुको सृजना गर्न प्राथमिकता दिइने संग सम्बन्धित :**

| क्र.सं. | रणनीति, कार्यनीति र कृयाकलापहरु | जिम्मेवार निकाय/शाखा | सहयोगी निकाय/शाखा | समयावधी | कार्यसम्पादन सूचक | बजेट रु (हजारमा) | जोखिम |
|---|---|---|---|---|---|---|---|
| कार्यनीति ३.१. युवा रोजगारीका लागि प्रभावकारी कार्यक्रम तथा कार्ययोजना तयार गरी लागु गरिनेछ । | | | | | | | |
| क | उच्च शिक्षा विमुख युवा परामर्श तथा तालिम कार्यक्रम | शिक्षा, युवा तथा खेलकुद शाखा | रोजगार सेवा केन्द्र/शाखा | २०८२/०८३-२०८४/०८५ | मा.वि. तह उतीर्ण गरी उच्च शिक्षा विमुख २०० जना युवाहरुले उद्यम र रोजगारीका बिषयमा परामर्श तथा तालिम प्राप्त गरी व्यवसायिक ज्ञान लिनेछन् । | ७० | |
| ख | मझौला उद्यमी युवाहरुको उत्पादन र बजारिकरणका लागि ठूला उद्योगीहरुसंग उत्पादन खरिद सम्झौतामा सहजिकरण कार्यक्रम | रोजगार सेवा केन्द्र/शाखा | उद्योग विकास शाखा | २०८२/०८३-२०८४/०८५ | स्थानीय तहमा रहेका साना उद्यमी र बाह्य बजारकेन्द्रमा रहेका ठूला उद्यमीसंग सह सम्झौता भई बजारिकरणमा सहजता हुनेछ । | ७० | |
| ग | युवा कृषि उद्योग, परम्परागत उत्पादन, स्थानीय श्रोतमा आधारित उद्योग, हस्तकलाका उद्योग, सूचना प्रविधीमा आधारित उद्योग र नयाँ प्रविधीमा आधारित उद्योग प्रोत्साहन कार्यक्रम ( कोशेली घर निर्माण सहित) | रोजगार सेवा केन्द्र/शाखा | उद्योग विकास शाखा | २०८२/०८३-२०८४/०८५ | लक्षित तथा बिशेष प्रकारका उद्यमीहरुलाई प्रोत्साहन मिल्ने र त्यस्ता उत्पादनहरुलाई प्रवर्द्धनमा बिशेष योगदान मिलेको हुनेछ । | ८० | |
| घ | युवा रोजगार प्रवर्द्धन केन्द्रको स्थापना | रोजगार सेवा | उद्योग विकास | २०८४/०८५ | युवा रोजगार प्रवर्द्धन केन्द्रको | ७० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | युवा रोजगार प्रवर्द्धन कार्यक्रम र अन्तर समन्वय कार्यक्रम | केन्द्र | शाखा | | संस्थागत विकास भई नेतृत्वदायी भूमिका निर्वाह गरी समन्वय र सहकार्यमा ध्यान पुगेको हुनेछ । | | |
| कार्यनीति ३.२. आर्थिक उद्यमशिलतामा जागरुक गराई युवाहरुलाई रोजगार, स्वरोजगार र सामाजिक काममा अवसरहरु प्रदान गरिनेछ । | | | | | | | |
| क | स्थानीय पूर्वाधार विकास निर्माण उपभोक्ता समितिका कम्तिमा ४० प्रतिशत युवा सहभागितालाई जोड दिने गरि उपभोक्ता समितिको तालिम कार्यक्रम | रोजगार सेवा केन्द्र/शाखा | योजना शाखा, | २०८२/०८३-२०८४/०८५ | स्थानीय तहमा गठित उ.स.मा युवा सहभागिता बृद्धि भई युवाहरुको सामाजिक सकृयता बढ्ने र युवा परिचालन तथा सञ्जालिकरणमा वृद्धि भएको हुनेछ । | ९० | |
| कार्यनीति ३.३. ग्रामीण युवाहरुलाई श्रम बजारको सूचना प्रदान गर्ने र अवसरहरुको खोजीको लागि Career Counseling जस्ता उत्प्रेरणात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ । | | | | | | | |
| क | युवाहरुका लागि Career Counseling तालिम कार्यक्रम | शिक्षा, युवा तथा खेलकुद शाखा | रोजगार सेवा केन्द्र | २०८२/०८३-२०८४/०८५ | मा.वि. तहका र १०+२ मा अध्ययनरत ५०० विद्यार्थीहरुलाई Career Counseling को तालिम प्रदान गरिनेछ । | ८० | |
| ख | युवाहरुबीच Innovative Idea conference/ Competition आयोजना गरी पुरस्कृत गरिनेछ । | शिक्षा, युवा तथा खेलकुद शाखा | रोजगार सेवा केन्द्र/शाखा | २०८२/०८३-२०८४/०८५ | उच्च शिक्षा अध्ययनरत युवा विद्यार्थीहरुबाट उद्यम र रोजगारीको क्षेत्रमा नयाँ नयाँ उपायहरुको खोजी गर्ने बानीको विकास भएको हुनेछ । | ५० | |
| ग | रोजगार सम्वाद मञ्चको सञ्चालन तथा व्यवस्थापन निर्देशिका तयारी तथा अभिमुखिकरण कार्यक्रम | रोजगार सेवा केन्द्र/शाखा | सामान्य प्रशासन शाखा | २०८१/०८२ सम्म | स्थानीय तहमा गठित रोजगार सम्वाद मञ्च रोजगार प्रवर्द्धनको क्षेत्रमा कृयाशिल रहनेछ र यसका काम कर्तव्य लागि बहश पैरवी गर्ने सामुदायिक मञ्चको रुपमा कार्य गर्ने र समुदाय र पालिका बीच समन्वय र सहकार्यको वातावरण तयार भएको हुनेछ । | ६० | |
| घ | रोजगार संवाद मञ्चको क्षमता विकास तथा संस्थागत विकास अनुदान | रोजगार सेवा केन्द्र/शाखा | योजना शाखा | २०८२/०८३ सम्म | रोजगार संवाद मञ्चको संस्थागत विकास भई पदाधिकारीहरुको जिम्मेवारी, दायित्व सम्बन्धी क्षमता | ६० | |

| क्र.सं. | रणनीति, कार्यनीति र कृयाकलापहरु | जिम्मेवार निकाय/शाखा | सहयोगी निकाय/शाखा | समयावधी | कार्यसम्पादन सूचक | बजेट रु (हजारमा) | जोखिम |
|---|---|---|---|---|---|---|---|
| | | | | | विकास भएको हुनेछ । | | |
| | | | | | रणनीति नं. ३ को जम्मा | ६३० | |
| **रणनीति ४:रोजगारीको हक तथा श्रमको सम्मानको व्यवस्थालाई स्थानीय तहबाट नै संस्थागत गर्ने संग सम्बन्धित:** | | | | | | | |
| कार्यनीति ४.१. नेपालको संवैधानिक व्यवस्था अनुसार रोजगारीको हक र श्रमको हकको सम्मान गर्न विद्यमान पालिकास्तरको प्रशासनिक संयन्त्रलाई स्थायीत्व प्रदान गर्दै, एकिकृत रोजगार सेवा केन्द्र तथा रोजगारी सूचना विनिमय केन्द्रको रुपमा व्यवस्थित र सुविधा सम्पन्न गराइनेछ । | | | | | | | |
| क | रोजगार शाखाको सञ्चालन तथा व्यवस्थापन | आर्थिक प्रशासन शाखा | सामान्य प्रशासन शाखा | २०८१/०८२-०८४/०८५ | रोजगारी प्रवर्द्धन सम्बन्धी सम्पूर्ण कार्य एकद्धार नीति अनुसार सञ्चालन भई आन्तरिक, अन्तरसरकारी र बाह्य समन्वयमा प्रभावकारिता अभिवृद्धि हुनेछ । | ८० | |
| ख | श्रमको सम्मान संस्कृति स्थापित गर्नका लागि प्रकाशन सामाग्री तथा जनचेतनामुलक कार्यक्रम | रोजगार सेवा केन्द्र/शाखा | योजना शाखा | २०८२/०८३-०८४/०८५ | श्रमको सम्मान राष्ट्रको अभियानलाई संस्थागत गर्दै सीप र क्षमता अनुसारका काम गर्ने संस्कृतिको विकास हुनेछ । | ६० | |
| कार्यनीति ४.२. रोजगारीको क्षेत्रमा व्याप्त लैंगिक, जातीय विभेदलाई क्रमश: हटाउदै लैजान विविध कार्यक्रमहरु सञ्चालन गर्ने । | | | | | | | |
| क | आर्थिक विकास र रोजगारीको क्षेत्रमा देखा परेका विभिन्न विभेद अन्त्यका लागि जनचेतनामुलक कार्यक्रम | सामाजिक विकास शाखा | रोजगार सेवा केन्द्र/शाखा | २०८१/०८२-०८४/०८५ | रोजगारी र आर्थिक विकासमा विद्यमान विभेदलाई न्यूनिकरण भएको हुनेछ । | ६० | |
| | | | | | रणनीति नं. ४ को जम्मा | २०० | |
| क्र.सं. | रणनीति, कार्यनीति र कृयाकलापहरु | जिम्मेवार निकाय/शाखा | सहयोगी निकाय/शाखा | समयावधी | कार्य सम्पादन सूचक | बजेट रु (हजारमा) | जोखिम |
| **रणनीति ५: आप्रवासी र प्रवासी कामदारलाई प्रदान गरिने सेवा र रिटर्नीहरुको परिचालनलाई उचित व्यवस्थापन गर्ने संग सम्बन्धित** | | | | | | | |
| कार्यनीति ५.१. रोजगार सेवा केन्द्रबाट एकिकृत श्रम र रोजगारमुलक सेवा प्रदान गर्ने कार्य शुभारम्भ गरिनेछ । | | | | | | | |
| क | एकिकृत श्रम र रोजगारमुलक सेवा प्रदान गर्नका लागि आवश्यक पूर्वाधार | रोजगार सेवा केन्द्र/शाखा | योजना शाखा | २०८१/०८२-०८४/०८५ | सीप विकास, रोजगारी प्रवर्द्धन, उत्पादनशील रोजगारी सृजना, | ६० | |

# अनुसूची २

## तालिकाहरु

### तालिका नं. १

नगरपालिकामा दर्ता भएका विभिन्न प्रकृति अनुसारको फर्म,सानाउद्योग/व्यवसायहरुको विवरण:

| व्यवसायको प्रकृति वडा नं. | वडा 1 | वडा 2 | वडा 3 | वडा 4 | वडा 5 | वडा 6 | वडा 7 | वडा 8 | वडा 9 | वडा 10 | वडा 11 | वडा 12 | वडा 13 | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कृषि/तरकारी | 8 | 11 | 3 | 5 | 5 | 36 | 4 | 7 | 4 | 14 | 16 | 24 | 8 | 145 |
| पशुपालन | 1 | 3 | 1 | 3 | 2 | 1 | 2 | 0 | 1 | 2 | 1 | 3 | 1 | 19 |
| कृषि/पशु | 3 | 11 | 7 | 6 | 6 | 27 | 11 | 13 | 11 | 13 | 11 | 21 | 10 | 150 |
| माछापालन | 1 | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 | 0 | 1 | 1 | 0 | 0 | 4 |
| होटेल | 2 | 2 | 2 | 0 | 5 | 2 | 7 | 3 | 9 | 4 | 4 | 7 | 7 | 54 |
| खाजाघर | 0 | 0 | 0 | 0 | 8 | 0 | 4 | 15 | 0 | 0 | 0 | 0 | 5 | 32 |
| तरकारी पसल | 0 | 0 | 0 | 3 | 4 | 0 | 7 | 3 | 0 | 1 | 0 | 0 | 0 | 18 |
| ब्युटीपार्लर | 0 | 0 | 0 | 0 | 2 | 0 | 1 | 1 | 0 | 0 | 0 | 0 | 0 | 4 |
| किराना पसल | 40 | 18 | 9 | 50 | 20 | 25 | 25 | 25 | 40 | 25 | 30 | 15 | 13 | 335 |
| भाडा पसल | 2 | 0 | 1 | 2 | 1 | 0 | 3 | 2 | 0 | 0 | 0 | 0 | 1 | 12 |
| मेडिकल | 0 | 0 | 1 | 2 | 3 | 0 | 2 | 2 | 2 | 2 | 0 | 1 | 4 | 19 |
| सिलाई | 3 | 3 | 1 | 2 | 20 | 4 | 6 | 15 | 2 | 3 | 2 | 5 | 5 | 71 |
| मसला उद्योग | 0 | 0 | 1 | 0 | 0 | 1 | 0 | 0 | 1 | 0 | 1 | 0 | 0 | 5 |
| हार्डवेयर | 0 | 0 | 0 | 0 | 4 | 0 | 1 | 3 | 0 | 0 | 0 | 0 | 1 | 9 |
| फर्निचर उद्योग | 1 | 0 | 0 | 0 | 2 | 1 | 0 | 4 | 1 | 0 | 0 | 0 | 0 | 10 |
| फलफुल पसल | 0 | 0 | 0 | 1 | 5 | 0 | 3 | 3 | 0 | 0 | 1 | 0 | 0 | 14 |
| घट्ट/कुटानी पिसानी मिल | 5 | 4 | 7 | 3 | 4 | 5 | 2 | 4 | 7 | 3 | 4 | 7 | 4 | 59 |
| मासु पसल | 0 | 3 | 0 | 6 | 3 | 2 | 3 | 10 | 4 | 3 | 0 | 4 | 3 | 41 |
| दुध डेरी | 0 | 0 | 0 | 0 | 0 | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 | 0 | 1 |
| फेन्सी/कस्मेटिक पसल | 7 | 0 | 4 | 5 | 7 | 2 | 8 | 10 | 3 | 0 | 0 | 0 | 12 | 58 |
| इलेक्ट्रिकल पसल | 1 | 0 | 1 | 2 | 1 | 1 | 3 | 3 | 1 | 1 | 0 | 1 | 0 | 15 |
| कुखुरा पालन | 3 | 3 | 4 | 4 | 5 | 4 | 3 | 5 | 4 | 3 | 5 | 2 | 5 | 50 |
| लघुवित्त | 4 | 4 | 5 | 4 | 2 | 5 | 3 | 2 | 4 | 4 | 3 | 10 | 5 | 55 |
| एग्रोभेट | 0 | 1 | 1 | 2 | 2 | 0 | 1 | 0 | 0 | 1 | 1 | 0 | 1 | 10 |
| **जम्मा** | **81** | **63** | **48** | **100** | **111** | **116** | **100** | **130** | **94** | **80** | **80** | **100** | **85** | **1190** |

## तालिका २

आर्थिक वर्ष २०८१/०८२ का लागि नगरपालिकामा सूचीकृत बेरोजगार व्यक्तिहरुको वडागत विवरण:

| वडा नं. | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| 1 | 56 | 69 | 125 |
| 2 | 58 | 97 | 154 |
| 3 | 102 | 132 | 234 |
| 4 | 51 | 93 | 144 |
| 5 | 36 | 66 | 102 |
| 6 | 80 | 238 | 318 |
| 7 | 41 | 69 | 110 |
| 8 | 40 | 150 | 190 |
| 9 | 23 | 105 | 128 |
| 10 | 27 | 69 | 96 |
| 11 | 50 | 76 | 126 |
| 12 | 91 | 223 | 314 |
| 13 | 71 | 286 | 357 |
| जम्मा | **726** | **1673** | **2399** |